का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ माघ २०८२
बिहीबार
15 January 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-


मध्यान्ह
राष्ट्रिय दैनिक




वर्ष २३, अंक ३३६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# हठले फुट्यो कांग्रेस

सभापतिमा दुई कार्यकाल मात्रै रहन पाउने भएकाले महाधिवेशन जहिले भए पनि शेरबहादुर देउवा नेतृत्वबाट बाहिरिनु नै थियो । यसकारण जेनजी आन्दोलनसमेतको पृष्ठभूमिमा देउवाले विशेष महाधिवेशनको मागलाई सकारेको भए उनको सम्मानजनक बर्हिगमन हुन सक्थ्यो । नेतृत्वमा केही महिना रहने लोभले देउवाको राजनीतिक बर्हिगमन त सुखःद भएन नै, कांग्रेस पनि सग्लो रहेन ।



**जनक नेपाल / मध्यान्ह**
काठमाडौं, ३० पुस

पार्टी फुट्ने चिन्ताले नेपाली कांग्रेसको विशेष महाधिवेशनमा सहभागी हुन हिच्किचाइरहेका प्रतिनिधिलाई आश्वस्त पार्दै महामन्त्री विश्वप्रकाश शर्माले भनेका थिए, 'पार्टी फुट्ने अवस्था आएमा म हलबाट सबैभन्दा पहिले निस्कन्छु ।'

एक कदम अघि बढेर अर्का महामन्त्री गगनकुमार थापा थपेका थिए, 'बरु विष पिउँछु, पार्टी फुट्न दिन्नँ ।' महामन्त्रीद्वयका यी प्रतिबद्धताले पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसको विभाजन रोक्न भने सकेन । एकअर्कालाई दबाबमा राखेर सहमतिमा पुग्ने दुवै पक्षका रणनीति असफल भएसँगै चुनावको मुखमा कांग्रेस फुटेको हो ।

निरन्तर वार्ता र छलफल असफल भएसँगै विशेष महाधिवेशन पक्षधर नेतृत्व चयनको प्रक्रियामा अघि बढ्ने तयारीमा थियो । ठिक त्यहीबेला संस्थापन पक्षले कार्यसम्पादन समितिको बैठक बसेर महामन्त्रीद्वय गगन-विश्व र सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पाँच वर्षका लागि पार्टीबाट निष्कासन गरिदियो । जबकि विशेष महाधिवेशनले तत्कालीन पार्टीको केन्द्रीय समितिसहितको संरचनालाई भंग गरिसकेको थियो ।

विशेष महाधिवेशनलाई अवैधानिक भन्दै आएको शेरबहादुर देउवा पक्षले साँझ कार्यसम्पादन समितिको बैठकबाट महामन्त्रीद्वय थापा र शर्मासहितका नेताहरूलाई कारबाहीको निर्णय लिएपछि पार्टी विभाजनको औपचारिक कारण बन्न पुग्यो ।

भृकुटीमण्डपमा नयाँ नेतृत्वका लागि मंगलबार निर्वाचन प्रक्रिया अघि बढाएदेखि नै पार्टी संस्थापन पक्ष उनीहरूलाई कारबाही गर्ने तयारीमा थियो । तर आपसी छलफल र वार्ता चलिरहेकाले केन्द्रीय समिति बैठक नबसेरै स्थगित गरिएको थियो ।

सभापति शेरबहादुर देउवाले नै कारबाही रोकेर सहमतिको पहल गरेका थिए । उता विशेष पक्षधर पनि राति नौ बजेबाट हुने भनिएको मतदानलाई रोकेर अन्तिम वार्तामा बसेको थियो । तर अबेर रातिसम्म भएका तीन चरणका वार्ताबाट सहमति नजुटेपछि नै नेताहरूले आशा मार्न थालिसकेका थिए । पार्टी विभाजन रोक्न सभापति देउवाले महामन्त्रीद्वय गगन-विश्वलाई बुधबार बिहान निवासमै बोलाएर आफू जतिसुकै लचक हुन तयार रहेको सन्देश दिएका पनि हुन् । उनले भावुक हुँदै पार्टी नफुटाउन आग्रह पनि गरेका थिए । तर असन्तुष्ट पक्षले सुन्न चाहेको कार्यकारी भूमिकाबाट विश्राम लिने संकेत भने गरेनन् । देउवाले मिलेर चुनावमा जान आग्रह गर्दै वैशाखको नियमित महाधिवेशन पर्खिन आग्रह गरेका थिए । महाराजगन्जबाट 'साथीहरूसँग सल्लाह गर्न' भन्दै निस्केका महामन्त्रीद्वय नेतृत्व चयन गरेरै अघि बढ्ने मुडमा रहे । उनीहरूलाई महाधिवेशन प्रतिनिधिको दबाब पनि थियो । संस्थापन पक्ष देउवाले नेतृत्व छाड्नुपर्ने, पार्टी हाइकमान्ड बनाउनुपर्ने र गगन थापालाई भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जाने प्रस्तावमा सहमत नभएपछि वार्ता भाँडियो । त्यसपछि पनि दुई पक्षबीच संवाद जारी रह्यो । »» पृष्ठ २ मा

## गगन निर्विरोध



विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू पनि आएका छन् । जसअनुसार सभापतिमा गगन थापा रहेका हुन् । महामन्त्रीमा गुरुराज घिमिरे र प्रदीप पौडेल चयन भएका छन् ।

यसअघि थापा अघिल्लो महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित भएका थिए । चारपटक संघीय सांसद भएर नीति निर्माणमा भूमिका खेलेका थापाले छोटो समय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वसमेत गरेका छन् । स्वास्थ्य तथा जनसंख्यामन्त्री हुँदा थापाले क्यान्सरपीडितका लागि »» पृष्ठ २ मा

## कसले पाउँछ रुख र चार तारा ?

### राजनीतिक परीक्षामा निर्वाचन आयोग

यदि दाबी गरेअनुसार ५१ प्रतिशत बढी महाधिवेशन प्रतिनिधि सहभागी भएर विशेष महाधिवेशन भएको हो भने गगन-विश्व समूहले आधिकारिता पाउनेछ । अन्यथा शेरबहादुर देउवा पक्षसँगै आधिकारिता रहनेछ ।



विशेष महाधिवेशन हुँदै गरेको जानकारीसहितको पत्र आएको छ । विशेष महाधिवेशनसम्बन्धी कार्यक्रम नरहेको भन्ने बेहोराको पत्र पनि आएको छ ।

● **नारायणप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**



विशेष महाधिवेशनमा दुई तिहाइ महाधिवेशन प्रतिनिधि छन् भनिएको छ । यस्तोमा बहुमत महाधिवेशन प्रतिनिधिको निर्णयलाई निर्वाचन आयोगले अद्यावधिक गर्नुपर्छ ।

● **दिनेश त्रिपाठी**
**वरिष्ठ अधिवक्ता**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ३० पुस

नेपाली कांग्रेसको एउटा पक्ष विशेष महाधिवेशन गरेर अगाडि बढेसँगै कुन पक्ष वैधानिक हो भन्ने प्रश्न उठेको छ । शेरबहादुर देउवा पक्षले पार्टीको महाधिवेशनसम्बन्धी कुनै कार्यक्रम नरहेको भनेर निर्वाचन अयोगमा पत्र पठाएको छ । गगन थापा र विश्वप्रकाश शर्मा पक्षले विशेष महाधिवेशन हुँदै गरेको र अद्यावधिक विवरण लिने आउने जानकारीसहितको पत्र निर्वाचन आयोगमा पठाएको छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई भन्छन्, 'विशेष महाधिवेशन हुँदै गरेको जानकारीसहितको पत्र आएको छ । विशेष महाधिवेशनसम्बन्धी कार्यक्रम नरहेको भन्ने बेहोराको पत्र पनि आएको छ ।'

अर्थात् शेरबहादुर देउवा र गगन-विश्व दुवै पक्षले आधिकारिताको दाबी गरेका छन् । गगन थापाले कांग्रेसको आधिकारिता आफूहरूसँगै रहेको बताउँछन् । बन्दसत्रलाई सम्बोधन गर्दै उनले निर्वाचन आयोगप्रति विश्वास रहेको बताएका छन् ।

उनी भन्छन्, 'मलाई सबै संस्थाहरूप्रति विश्वास छ । नेपाली कांग्रेसका बहुमत महाधिवेशन प्रतिनिधिहरू जम्मा भएर विधिसम्मत ढंगले गरिएको विशेष महाधिवेशनबाट आएको परिणामलाई निर्वाचन आयोगले वैध ढंगले »» पृष्ठ २ मा

## देउवाले निम्त्याएको दोस्रो फुट

झन्डै आठ दशक लामो इतिहास भएको नेपाली कांग्रेसले ठुलासाना गरी पाँचवटा विभाजन बेहोरेको छ । ठुला दुई विभाजनको कारण भने सभापति शेरबहादुर देउवा बनेका छन् । २०५९ सालमा आफूमाथि कारबाही हुँदा पार्टी विभाजन गरेका देउवा आफैं नेतृत्वमा हुँदा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मामाथि कारबाहीको डण्डा चलाएर अर्को फुट निम्त्याएका हुन् ।

अहिलेको कांग्रेस विभाजनको मुख्य कारण देउवा हठलाई मानिएको छ । नियमित महाधिवेशन गरेको भए उनी नेतृत्वबाट बाहिरिइसक्थे । महाधिवेशन लम्ब्याएर उनी आफ्नै नेतृत्वमा २१ फागुनको चुनावमा जान चाहन्छन् । वैशाखमा छाड्नुपर्ने नेतृत्व अहिले छाडेर देउवाले पार्टी एकता जोगाउन पनि सक्थे । तर देउवा र उनको समूहले गगन-विश्वलाई नेतृत्व सुम्पिन चाहेन । बरु चार वर्षदेखि स्थायी प्रतिपक्षको भूमिकामा रहेका डा. शेखर कोइराला समूहलाई पनि आफूतर्फ तानेर चुनावअघि नेतृत्व परिवर्तन नगर्ने जिद्दी गरिरहे । त्यो नै सहमतिको बाधक बन्न पुग्यो ।

दुई दशकअघि तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालासँगको अन्तरसंघर्षले पार्टी विभाजन भएको थियो । ७ साउन २०५८ मा देउवा दोस्रोपटक प्रधानमन्त्री बनेका थिए । पार्टी निर्णयविपरीत संसद् विघटनतर्फ लागेपछि »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## खाडी र मलेसियामा जान कामदारको न्यूनतम लागत १ लाख १४ हजार पर्ने संघको दाबी




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले खाडी र मलेसियामा वैदेशिक रोजगारीका लागि जाने कामदारको न्यूनतम लागत १ लाख १४ हजार हाराहारीमा रहेको विवरण प्रस्तुत गर्दै फ्रि भिसा फ्रि टिकटको निर्णय पुनरावलोकनको माग गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बुधबार आयोजित अन्तरक्रियामा संघको तर्फबाट कार्यपत्र प्रस्तुत गर्दै महासचिव महेशकुमार बस्नेतले उक्त माग राखेका हुन् । शुक्रबार संघको कार्यसमिति तथा केही पूर्वअध्यक्षहरूको सहभागितामा वैदेशिक रोजगारको वर्तमान अवस्था, चुनौती र नीतिगत सुधारका प्रस्तावहरूका विषयमा अन्तरक्रिया भएको थियो ।

महासचिव बस्नेतले संघको धारणा राख्दै फ्रि भिसा फ्रि टिकटको निर्णय अव्यवहारिक रहेको उल्लेख गरे ।

करिब एक महिना अघिदेखि मन्त्रालयको नेतृत्व गरेका श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले मन्त्रालयले एक दशक अघिदेखि कार्यान्वयनमा ल्याएको फ्रि भिसा फ्रि टिकटको निर्णयबारे संघ नेतृत्वसँग विस्तृत छलफल गरेका हुन् ।

संघले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सुरक्षित बनाउन, वैदेशिक रोजगार क्षेत्रमा रहेका »» पृष्ठ २ मा



**ठुला मुद्दामा रविलाई उन्मुक्ति**

## प्रधानमन्त्री बन्ने बाटो खुला

संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता भएपछि रवि लामिछाने चुनावमा जान, सांसद बन्न र सांसदको हैसियतमा लिन सक्ने प्रधानमन्त्री, सभामुख, मन्त्रीसहितका सबै प्रकारका राजकीय पदको जिम्मेवारी लिने बाटो खुला हुनेछ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३० पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि लागेका तीन प्रकृतिका मुद्दामध्ये दुई प्रकृतिका मुद्दा फिर्ता लिने प्रक्रिया अगाडि बढेको छ । सरकारले महान्यायाधिवक्ता कार्यालयमार्फत उनीविरुद्ध लागेका संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिने प्रक्रिया अगाडि बढाएको हो । लामिछानेविरुद्धको सहकारी ठगीसम्बन्धी »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ माघ २०८२ बिहीबार
15 January 2026 Thursday

## हठले...

भृकुटीमण्डपबाट विशेष पक्षधरले आठ बुँदे सर्तसहित सानेपालाई अन्तिम प्रस्ताव पठाएको थियो । त्यसमा पनि देउवाले कार्यकारी भूमिका छाड्नुपर्ने र प्रधानमन्त्रीको नयाँ उम्मेदवार अघि सारेर चुनावमा जानुपर्ने उल्लेख थियो । संस्थापन पक्ष मन्जुर नभएपछि अन्ततः कांग्रेस विभाजनको बाटो लिएको थियो ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले जति कोसिस गरे पनि 'पार्टी एकता जोगाउन सकिएन' भन्दै महामन्त्रीद्वय र मन्सुरमाथि कारबाहीको प्रस्ताव पेस गरेका थिए । उनीहरूबाहेक अन्य केन्द्रीय सदस्य र नेताहरूलाई भने पूर्ववत् जिम्मेवारीमा फर्किन संस्थापनले आग्रह पनि गरेको छ । पार्टी निर्णय सुनाउँदै प्रवक्ता मीनबहादुर विश्वकर्माले कारबाहीमा परेका नेताहरूले पुनर्विचारको आग्रह गरे त्यसका लागि तयार रहेको बताएका छन् । विशेष पक्षधरले मंगलबारै विशेष महाधिवेशन चलिरहेको जानकारी आयोगलाई गराएको थाहा पाएपछि नै संस्थापन बिच्किएको थियो । त्यसैले नेताहरूलाई कारबाहीको निर्णय नगर्दै सहमहामन्त्री बद्री पाण्डेलाई निर्वाचन आयोग पठाएर कांग्रेसको कुनै विशेष महाधिवेशन वा भेला आयोजना नभएको जानकारी गराइएको थियो । लगत्तै महामन्त्रीद्वयमाथिको कारबाहीको पत्र पनि बुधबारै आयोगमा पठाएको छ । गगन-विश्व र मन्सुरलाई निष्कासन गरिएपछि भृकुटीमण्डपमा सभापति शेरबहादुर देउवाविरुद्ध चर्को नाराबाजी भएको थियो । लगत्तै हललाई सम्बोधन गर्दै थापाले कारबाहीको निर्णय वाहियात भएको टिप्पणी गरेका छन् । उनले भने, 'यो कारबाहीको निर्णय र हिजोको प्रस्ताव दुवै वाहियात हुन् । कसैको मनमा केही होला तर जसले जसलाई मन लाग्यो निकाल्नलाई यो प्राइभेट कम्पनी होइन ।'

उनले देउवा नेतृत्वको केन्द्रीय समिति अघिल्लो दिन नै भंग भइसकेको दाबी गरेका थिए । साथै, विधानतः डाकिएको विशेष महाधिवेशनले चयन गर्ने नयाँ केन्द्रीय कार्यसमिति नै वैधानिक हुने जिकिर पनि गरे । नेता थापाले भने, 'पार्टीको चुनाव चिह्न रुख, चारतारे झन्डा हामीसँगै छ । कांग्रेस नै हामी हौं ।' आफूहरूले असोज २८ गते केन्द्रीय समितिको बैठकमा सम्बोधन गरेर कार्यवाहक दिएर जाँदा सभापति देउवालाई सम्मान गरेको स्मरण गर्दै अहिले पनि नयाँ अनुहार लिएर चुनावमा जान मात्र चाहेको टिप्पणी गरे ।

अर्का महामन्त्री शर्माले महाधिवेशनका सहभागीलाई दुवै हात उठाएर संस्थापन पक्षको कारबाहीलाई अस्वीकार गर्न मात्र लगाएनन् आफूमाथिको कारबाही हास्यास्पद रहेको दाबी गरे ।

'मैले बिहानै महामन्त्री पद छाडिसकें । त्यसैले यो कारबाहीको अर्थ छैन,' शर्माले भने, 'देश बनाउने हुटहुटी बोकेका युवाहरूलाई रोक्न खोजिएको छ । त्यो मान्य छैन । अबको कांग्रेस गगन थापाको नेतृत्वमा अघि बढ्छ ।'

## गगन...

सहुलियतलगायतका विषयमा निर्णय लिएका थिए ।

केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकार सञ्चालनका लागि कांग्रेस र एमालेको संयुक्त सरकार सञ्चालन कार्यदलमा रहेर थापाले काम गरेका थिए । तथापि उनी एमालेसँगको सहकार्यमा लामो समय जान नसकिने निष्कर्षमा थिए ।

शेरबहादुर देउवा एमालेसँग चुनावी गठबन्धन गरेर आगामी २१ फागुनको निर्वाचन लड्ने तयारीमा थिए । ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस र एमालेले गठबन्धन गरेरै उम्मेदवार उठाएका थिए । एमालेसँगको चुनावी तालमेलमा असन्तुष्ट रहेका गगन अब आफ्नै नेतृत्वमा कांग्रेस अगाडि बढाउनेगरी अघि बढेका छन् ।

तर विशेष महाधिवेशनको वैधानिकतामै प्रश्न रहेको छ । उनी नेतृत्वको नयाँ कार्यसमितिले वैधानिकता पाउन निर्वाचन आयोगले वैध रहेको निर्णय दिनुपर्छ । त्यसपछि पनि अदालतमा मुद्दा पुगे अदालतले समेत वैध रहेको फैसला गर्नुपर्छ । अन्यथा उनी नेतृत्वको नयाँ कार्यसमिति केवल चयनमा मात्रै सीमित रहनेछ ।

## कसले...

स्वीकार गर्छ भन्ने विश्वास छ । किनकि यसका वैधानिक कारण छन्, संवैधानिक कारण छन् ।'

दुवै पक्षले वैधानिकता दाबी गरेसँगै निर्वाचन आयोग कानुनी परामर्शमा जुटेको छ । यसका लागि कांग्रेसको विधान र अन्य प्रचलित ऐनसमेत केलाउन थालेको छ ।

कांग्रेसको विधानको धारा १७ मा महाधिवेशनको व्यवस्था छ । यसअनुसार प्रत्येक चार वर्षमा नियमित महाधिवेशन हुनुपर्छ । साथै, सोही धारामा विशेष केन्द्रीय महाधिवेशनको परिकल्पना छ ।

केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा विशेष महाधिवेशन बोलाउन सक्ने र ४० प्रतिशत सदस्यहरूले विशेष महाधिवेशन बोलाउन सक्ने दुई प्रकृतिका प्रावधान छन् । जसले विशेष महाधिवेशनको परिकल्पना गरेको छ ।

४० प्रतिशत सदस्यहरूले विशेष महाधिवेशन बोलाउन माग गरेअनुसार गगन-विश्वले महाधिवेशन अगाडि बढाएका हुन् । तर यसमा शेरबहादुर देउवा पक्षले प्रश्न उठाएको छ ।

निर्वाचन आयोगका सहसचिव एवं कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका अनुसार विशेष महाधिवेशन माग गरेको विषयमा कसैको विवाद नरहेकाले अब महाधिवेशनमा सहभागीको संख्या ख्याल गर्ने हो भने विवाद छिटो टुंगिन सक्छ । यदि दाबी गरेअनुसार ५१ प्रतिशत बढी महाधिवेशन प्रतिनिधि सहभागी भएर विशेष महाधिवेशन भएको हो भने गगन-विश्व समूहले आधिकारिता पाउनेछ । अन्यथा शेरबहादुर देउवा पक्षसँगै आधिकारिता रहनेछ ।

तथापि कुन पक्षले के माग गरेर निवेदन दिन्छन् भन्नेले समेत अर्थ राख्छ । गगन-विश्व समूहले विशेष महाधिवेशनको प्रावधानअनुसार भएको निर्णय उपलब्ध गराएर आधिकारिता दाबी गर्ने स्वाभाविक छ । शेरबहादुर देउवा पक्षले भने पार्टीको कार्यसमिति बैठकबाट आगामी वैशाखमा नियमित महाधिवेशन गर्ने निर्णय भइसकेकाले यही नै आधिकारिक भएको दाबी गरेको छ । नियमित महाधिवेशन गर्ने पक्षमा पार्टीको कार्यसमितिका बुहमत सदस्य रहेको र यो नै आधिकारिक रहेको दाबी प्रस्तुत गर्दै छ । यस्तोमा निर्वाचन आयोगले कस्तो निर्णय दिन्छ त्यसले मुलुकको राजनीतिलाई समेत कता लैजाने भन्ने अर्थ राख्छ । नेपाली कांग्रेसको विशेष महाधिवेशनको आह्वान, त्यसको आधिकारिकता, उपस्थित प्रतिनिधिको संस्थालगायतका आधारमा आधिकारिकता परीक्षण गर्ने हो भने दुई/तीन दिन लाग्नेछ ।

यो पक्षलाई छाडेर राजनीतिक दलसम्बन्धी ऐनअनुसार विवाद निरुपण गर्न खोजे लम्बिनेछ । किनभने यसअनुसार अगाडि बढ्दा केन्द्रीय समितिको बहुमतलगायतको विषय अगाडि आउँछ । यस्तोमा मुद्दा अदालतमा समेत पुग्न सक्छ ।

कांग्रेसको विवाद लम्बिए २१ फागुनका लागि तय भएको निर्वाचनसमेत प्रभावित हुन सक्ने कतिपयको शंका छ । किनभने १३ र १४ पुसमा समानुपातिकतर्फको मनोनयन भइसकेको छ । प्रत्यक्षतर्फको मनोयन आगामी माघ ६ गतेका लागि तय भएको छ । त्यसबेला मनोनयन पत्रमा हस्ताक्षरकर्ता को भन्ने समेत नटुंगिदा कांग्रेसको एउटा पक्ष चुनावबाट बाहिर रहन सक्छ । यस्तोमा निर्वाचन प्रभावित हुन सक्छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी कांग्रेसको विधानअनुसार विशेष महाधिवेशन माग भएर अगाडि बढेकाले अब विशेष महाधिवेशनमा बहुमत महाधिवेशन प्रतिनिधि आए वा आएनन् भन्ने प्रश्न मात्रै बाँकी रहेको बताउँछन् । यसले नै कांग्रेसको आधिकारिताको प्रश्न निरुपण गर्ने उनको बुझाइ छ ।

'दुई तिहाइ महाधिवेशन प्रतिनिधि उपलब्ध छन् भनिएको छ,' उनी भन्छन्, 'बहुमत महाधिवेशन प्रतिनिधिले निर्णय गर्ने अधिकार राख्छ र यसअनुसार निर्वाचन आयोगले अध्यावधिक गर्नुपर्छ ।'

## देउवाले...

सभापति कोइरालाले प्रधानमन्त्री देउवालाई पार्टीबाट निष्कासन गरे । संस्थापनइतर पक्षले २०५९ असार २-५ गते वीरेन्द्र अन्तर ािष्ट्रय सम्मेलन केन्द्रमा भेला डाकेर पार्टी विभाजनको निर्णय लिएको थियो । देउवाको नेतृत्वमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) बनेको थियो । त्यतिबेला उनलाई प्रभावशाली नेताहरू पूर्णबहादुर खड्का, खुमबहादुर खड्का, विजयकुमार गच्छदार, विमलेन्द्र निधि, प्रदीप गिरी, गोपालमान श्रेष्ठलगायतको साथ थियो । दरबारको इसारामा पार्टी विभाजन गरेर प्रजातन्त्र दरबारलाई बुझाएको आरोप देउवामाथि लाग्यो । आफैंले घोषणा गरेको मध्यावधि चुनाव गर्न नसकेपछि उनलाई अक्षम घोषणा गर्दै राजा ज्ञानेन्द्रले शाही शासन सुरु गरेका थिए । २०६२/६३ को दोस्रो जनआन्दोलनपछि संसद् पुनर्स्थापनापछि ७ असोज २०६४ मा कांग्रेस पुनः एकीकरण भएको थियो ।

## खाडी...

विकृति हटाउन र समस्या समाधान गरी वैदेशिक रोजगार क्षेत्रलाई अझ पारदर्शी र व्यवस्थित बनाउन नीतिगत सुधारबिना सम्भव नभएको बताएको छ । वैदेशिक रोजगारी वर्तमान अवस्थामा देशको आर्थिक मेरुदण्डका रूपमा रहेको उल्लेख गरी कार्यक्रममा संघले वैदेशिक रोजगार क्षेत्र कमजोर भएमा विदेशी मुद्रा सञ्चिति घट्ने, आयातमा संकट आई वित्तीय अस्थिरता उत्पन्न हुने भन्दै राष्ट्रिय अर्थतन्त्रलाई जोखिमबाट बचाउन वैदेशिक रोजगारको निरन्तरता र नीतिगत प्रष्टता हुनुपर्नेमा जोड दिएको छ ।

६५ प्रतिशत घरधुरी संलग्न वैदेशिक रोजगारबाट गत वर्ष १ खर्ब ७२ अर्ब ३० करोड रेमिट्यान्स भित्रिएको तथ्यांकले दैनिक करिब ४७ करोड रेमिट्यान्स आउँदा कुल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगार क्षेत्रको योगदान करिब २८ प्रतिशत पुगेको पनि संघको भनाइ छ ।

नीतिगत रूपमा प्रविधिमैत्री श्रम बजार, लागत निर्धारण र मागपत्र प्रमाणीकरणका माध्यमबाट सुधार गर्नुपर्ने भन्दै संघले सस्तो लोकप्रियताका लागि अव्यावहारिक रूपमा लागू गरिएको फ्रि भिसा फ्रि टिकटको निर्णय परिवर्तन गरी नेपाल सरकारको मौद्रीक नीति र श्रम नीतिमा रहेको विरोधाभास पनि हटाउनुपर्ने सुझाव दिएको छ ।

संस्थागत कारोबारमा श्रमिकहरूको सुरक्षामा एकरूपता ल्याउन, पारदर्शिता कायम गर्न, राजस्व उठाउन वा बढाउन श्रमिकहरूलाई उच्च ब्याज तथा मिटरब्याजबाट बचाउन, अनधिकृत व्यक्ति तथा बिचौलियाको अन्त्य गर्न पनि अव्यावहारिक नीतिमा परिवर्तन अनिवार्य बनेको संघको भनाइ छ ।

संघले २०६० वैशाख २४ गते मलेसियाका लागि ८० हजार र खाडी मुलुकहरूका लागि ७० हजार लागत तोकिएकोमा २०७२ जेठ २६ गते राज्यमन्त्रीस्तरबाट फ्रि भिसा, फ्रि टिकटको निर्णय लागू गरी सेवाशुल्क १० हजार रुपैयाँ तोकिएपश्चात नेपालको वैदेशिक रोजगार क्षेत्रमा विकृतिको सुरुवात भएको बताएको छ । त्यसपछि व्यवसायीहरूको १७ दिने शान्तिपूर्ण आन्दोलनपश्चात परिवर्तन गर्ने भनिएको ३१ बुँदे सहमतिमा छलफल नै नभएको पनि संघले उल्लेख गरेको छ ।

कोरिया र इजरायलमा श्रमिक पठाउँदा सरकारले प्रशासनिक खर्चका बाबजुद श्रमिकको करिब २ लाख खर्च भइरहेको भन्दै सरकारले समेत रकम लिएर पठाइरहेको अवस्थामा करोडौं धरौटी राख्ने व्यवसायीलाई दक्षिण एसियाका अन्य राष्ट्रहरूको अभ्यासको आधारमा आफ्नो र श्रमिकको हितका लागि न्यायोचित निर्णय गर्ने अधिकार हुनुपर्नेमा संघको जोड छ ।

संघले भारत, बंगलादेश, पाकिस्तान, श्रीलंकाको अभ्यासलाई ध्यानमा राखेर लागत निर्धारण गर्दा श्रमिकहरूको खर्च नियन्त्रण तथा पारदर्शी, खर्चअनुसारको बिलभरपाई प्राप्त हुँदा लगानी सुरक्षित, बैंकिङ प्रणालीबाट कारोबार र बिचौलियाको अन्त्य हुने भन्दै सरकार, व्यवसायी र श्रमिक तीन वटै पक्षलाई फाइदा पुग्ने बताएको छ ।

त्यस्तै संघले कूटनैतिक नियोग भएका देशहरूमा पनि मागपत्र प्रमाणीकरण नहुँदा विकृति बढेको र ठगीका उजुरीहरू अत्यधिक बढेको भन्दै कूटनैतिक नियोग नभएका सबै देशमा मागपत्र प्रमाणीकरणलाई थप सरलीकृत र व्यवस्थित बनाउन मागपत्र प्रमाणीकरण कार्यविधि-२०८० लाई पुनः कार्यान्वयनमा ल्याउन आवश्यक भएकोमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ । अन्तरक्रियामा श्रममन्त्री भण्डारीसहित संघका अध्यक्ष भुवनसिंह गुरुङ, वरिष्ठ व्यवसायी हेम गुरुङ, पूर्वअध्यक्षहरू प्रेमबहादुर कटुवाल, रोहन गुरुङ, राजेन्द्र भण्डारी, सल्लाहकार नवराज केसी, प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, महासचिव बस्नेत, सचिव कुन्छादोर्जे दिमदोङ, कोषाध्यक्ष धनु सिञ्जाली, पूर्वमहासचिव मेघनाथ भुर्तेल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका वरिष्ठ उपाध्यक्ष रामप्रसाद गैरेलगायत सहभागी रहेको संघले बताएको छ ।

## प्रधानमन्त्री...

मुद्दा भने यथावत् छ । महान्यायाधिवक्ता कार्यालयका अनुसार सरकारले बुधबार संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिएको हो । अब सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयमार्फत यो पक्रिया थप अघि बढ्नेछ ।

रास्वपा सभापति लामिछाने स्वयंले संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिइदिन यसअघि नै निवेदन दिएका थिए । लामिछानेले फेरि पूरक निवेदन दिएपछि महान्यायाधिवक्ता कार्यालयले सहकारी ठगीसँगै जोडिएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिएको हो ।

संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता भएपछि रवि लामिछाने चुनावमा जान, सांसद् बन्न र सांसदको हैसियतमा लिन सक्ने प्रधानमन्त्री, सभामुख, मन्त्रीसहितका सबै प्रकारका राजकीय पदको जिम्मेवारी लिने बाटो खुला हुनेछ । अन्यथा उनी चुनाव लड्न पाउने वा नपाउने प्रश्न उठ्ने थियो । किनभने निर्वाचन आयोगले तय गरेको आचारसंहितामा आफू सम्पत्ति शुद्धीकरणको अभियोगमा नरहेको स्वघोषणा गर्नुपर्ने थियो । यदि निर्वाचन आयोगले चुनाव लड्न दिए तापनि सांसद पदको शपथ लिन र राजकीय जिम्मेवार लिन दिँदैनथ्यो । किनभने सम्पत्ति शुद्धीकरणको अभियोग लाग्नेबित्तिकै सांसद पदबाट निलम्बनमा पर्ने व्यवस्था छ ।

यसअघि लामिछाने यही मुद्दा लागेपछि विघिटित प्रतिनिधि सभामा उनको सांसद् पद निलम्बनमा परेको थियो । महान्यायाधिवक्ता कार्यालयले भविष्यमा लामिछानेलाई यस्तो अप्ठ्यारो पुनः नआउनेगरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिने प्रक्रिया अगाडि बढाएको हो ।

यससँगै अब कास्की, रुपन्देही, काठमाडौं र पर्सा जिल्ला अदालतमा रहेको रवि लामिछानेविरुद्ध रहेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग सम्बन्धित जिल्लाका सरकारी वकिलको कार्यालयले फिर्ता लिनेछन् । लामिछानेविरुद्ध चितवन जिल्ला अदालतमा पनि मुद्दा छ । तर चितवनमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण कुनै पनि मुद्दा चलेको छैन ।

लामिछाने ४ मंसिर २०७९ को चुनावको केही महिना अगाडि पार्टी खोलेर चुनावमा होमिएका थिए । चुनावलगत्तै उपप्रधान तथा गृहमन्त्री भए । राहदानी मुद्दामा उनको सांसद पद गयो । त्यसपछि फेरि नागरिकता लिए । चितवनमै उपनिर्वाचन लडे र चुनाव जितेर फेरि उपप्रधान तथा गृहमन्त्री भए ।

नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार बन्ने भएपछि तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढल्यो । उक्त सरकारमा लामिछाने उपप्रधान तथा गृहमन्त्री थिए । सत्ताबाट हटेसँगै लागिछाने सहकारीको मुद्दामा फसे । सहकारीको मुद्दासँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि लाग्यो । यसलाई रास्वपाले राजनीतिक आधारमा लगाइएको मुद्दाका रूपमा लिँदै आएको छ । यही जिकिर गर्दै उनीहरूले कांग्रेस र एमाले नेतृत्वको सरकारको आलोचना गर्दै आएका थिए ।

यही क्रममा २३ र २४ भदौमा जेनजी आन्दोलन भयो । तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । कार्की नेतृत्वको अन्तरिम सरकार रहेका बेला लामिछानेविरुद्धका ठुला मुद्दा फिर्ताको प्रक्रिया अगाडि बढेको हो ।

**काठ लिलाम बिक्री वितरण सम्बन्धी २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/०१ गते**

त्रि. न. पा ७ उदयपुरमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरि राखिएको A ग्रेड साल जातको लट नं. १ को ६ थान लट नं. २ को ११ थान गरि जम्मा ३०६.८३ B ग्रेड साल जातको लट नं. १ को ३ थान लट नं. २ को ३२ थान गरि जम्मा ४३३.५५ C ग्रेड साल जातको लट नं. १ को ५ थान लट नं. २ को २१ थान गरि जम्मा १७५.३८ D ग्रेड साल जातको लट नं. १ को २ थान लट नं. २ को २ थान गरि जम्मा २०.११ गरि जम्मा ९३६.०९ क्यु फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह, त्रि. न. पा – ७, उदयपुर**

**युएईमा रोजगार**

कम्पनी: SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C
पूर्व स्वीकृत मिति: २०८१/०८/०९ चलानी नं.: ६०२२८५४२ L.T. No.:314167
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 8 | स. काममा दक्ष | 2000 | ७८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता सिखर ट्रेनिङ सेन्टर बालाजु काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 367/059/060

SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 9851063268, 9851034709, 9801907630
Email ID: Info@suneranepal.com.np, Website: Www.suneranepal.com

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१०/०१**

बेसीशहर नगरपालिकाको मिति २०८२/०८/१७ गते प्रकाशित सूचना अनुसार तोकिएको समयभित्र E–Bidding मार्फत रितपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार तपसिलमा उल्लेखित बोलपत्रदाताहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता तथा सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक रकम रू (मू.अ कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | BM/W/NCB/082/083/13 | Construction of two buildings in one package (Srijana Aama Samuha Bhawan and Krisi Upaj Sankalan Kendra), Ward No. 01 | BDP And Brothers Construction Pvt.Ltd, Lamjung | रु १७,६२,१३३.२८ |

**ZERO COST RECRUITMENT FOR MALAYSIA**
**मलेसियामा शुन्य लागतमा रोजगार**

Free Passport, Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Transport & free Lodging-fooding,Free Insurance, Free Welfare Fund, Free Orientation Charge

फ्रि राहदानी, फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिसचार्ज, फ्रि मेडिकल, फ्रि पिसिआर, फ्रि यातायात, फ्रि आवास-फ्रि खाना, फ्रि बिमा, फ्रि कल्याणकारी कोष, र फ्रि अभिमुखिकरण शुल्क

Company Name : Wistron Technology (Malaysia) Sdn. Bhd.
रोजगारदाता कम्पन : विस्टर्न टेक्नोलोजि (मलेशिया) एस.डि.एन. बि.एच.डि.

पूर्व स्वीकृती मिति: २०८२/०९/३० चलानी नं. ६०२५०६५० LT No. : 337239

Pre-approval Date: 2026/09/30 Dispatch No.: 60250650 LT. 337239

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष (Male) | QTY. माग संख्या महिला (Female) | Qualification योग्यता | Salary मासिक तलब RM | Salary मासिक तलब NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Overtime ओभर टाइम | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility वार्षिक विदा/ओभर टाइम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Production Operator उत्पादक कामदार | 100 १०० | 300 ३०० | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1700 १७०० | 60,792 /- ६०,७९२/- | 8.5 hours per day प्रति दिन ८.५ घण्टा | Saturday is full day OT (if working) | 5 days a week ५ दिन | as per company rule क. नि. अनुसार | No छैन | Provided by company | 2 years २ वर्ष |

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Malaysia (विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Malaysia (रोजगारमा बीमा हुने /नहुने र कसले व्योहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Social Security Fund सामाजिक सुरक्षा कोष | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (निःशुल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (रोजगारदाता कम्पनीले) | Npr. 2100 By Company (रोजगारदाता कम्पनीले) | Npr. 2596 By Company (रोजगारदाता कम्पनीले) | Provide By Company (रोजगारदाता कम्पनीले दिने) |

Wistron Technology (Malaysia) Sdn. Bhd. does not impose any Recruitment /Placement Fee for this Employment. विस्टर्न टेक्नोलोजि (मलेशिया) एस.डि.एन. बि.एच.डि. मलेसियाले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

Note - नोट :

1. Applicant's age should above 18 years old and for age verification candidate's must show their passport along with citizenship/Voter ID/License or Any government issued identity card. (आवेदकको उमेर १८ वर्ष भन्दा माथि हुनुपर्दछ र उमेर प्रमाणीकरणका लागि उम्मेदवारले नागरिकता, मतदाता, परिचयपत्र, लाइसेन्स वा कुनै पनि सरकारले जारी गरेको परिचय पत्रको साथ आफ्नो राहदानी देखाउनुपर्छ ।)
2. Applicants are requested to submit their application/CV's directly to office or email us at demandinquiry@laldhanus.com without using any subajents. Applicant's (Family) Members/Relatives/Friends) are not required to make any payments for this Employment. (आवेदकहरूलाई कुनै मध्यस्थकर्ताहरू प्रयोग नगरी आफ्नो आवेदनरपत्र सिधै कार्यालयमा पेश गर्न वा हामीलाई demandinquiry@laldhanus.com मा इमेल गर्न अनुरोध गरिन्छ । आवेदकका (परिवार) सदस्यहरू, आफन्तहरू, साथीहरू) यस रोजगारीको लागि कुनै पनि भुक्तानी गर्न आवश्यक छैन ।)
3. No One is allowed to take or give any gifts or bribes from supplier and customers. (कसैले पनि आपूर्तिकर्ता र ग्राहकहरुबाट कुनै उपहार वा घूस लिन वा दिन अनुमति छैन ।)
4. The hiring and recruiting of the candidates are to be done through free and fair competition with no false claim by us. (उम्मेदवारहरूको भर्ती र भर्ती हाम्रो द्वारा कुनै झुटो दाबी बिना स्वतन्त्र र निष्पक्ष प्रतिस्पर्धा मार्फत गरिनेछ ।)
5. We shall not used forced or child labor whether in the form of prison labor, indentured labor, slavery, human trafficking and bonded labor in recruitment. (हामीले जबरजस्ती वा बाल श्रमलाई कारागार श्रम, भाडामा लगाइएको श्रम, दासत्व, मानव बेचबिखन र भर्तीमा बन्धक श्रमको रूपमा प्रयोग गर्ने छैनौं ।)
6. All the candidates have rights to enter into and terminate their regular employment freely with reasonable notice with no penalty. (सबै उम्मेदवारहरूलाई कुनै जरिवाना बिना उचित सूचनाको साथ स्वतन्त्र रूपमा आफ्नो नियमित रोजगारीमा प्रवेश गर्ने र समाप्त गर्ने अधिकार छ ।)
7. Applicants who are selected in Pre-Interview will be eligible for final Interview. (पूर्व-अन्तर्वार्तामा छनोट भएका आवेदकहरू अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन ।)
8. We ensure that no worker is required to pay force deposit, bond, and deductions from wages to cover recruitment fees. (हामी सुनिश्चित गर्छौं कि कुनै पनि कामदारले भर्ती शुल्कहरू कभर गर्नको लागि जबरजस्ती जम्मा, बन्ड, र ज्यालाबाट कटौतीहरू तिर्न आवश्यक छैन ।)
9. All the recruitment expenses from hometown to Malaysia will be borne by the company (गृहनगर देखि मलेसिया सम्मको सबै भर्ती खर्च कम्पनीले वहन गर्नेछ ।)
10. CVS are subjectively collected for recruitment purpose only. (CVS व्यक्तिगत रूपमा भर्ती उद्देश्यको लागि मात्र संकलन गरिन्छ ।)

Pre-Interview is going on. प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।
Final Interview will be held on 22, 23, 24 & 25 Jan., 2026
by Company Representative in Own Office, Bouddha, Kathmandu.
फाइनल अन्तरवार्ता २०८२ माघ ८, ९, १० र ११ गते यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा.लि.को कुनै शाखा तथा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारकमा जाने कामदारहरुबाट लाल धनुष ईन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Lal Dhanus International does not have any branch or mediator representative. Lal Dhanus International Service is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost for any procedures so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sign on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want to know more about this advertisement then you can please contact nepal labour & employment department in Tahachal.

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भए अनुसार कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.: २७६/०६२/६३

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-४९१००५६, ४९१००५७
९८०१०३६५३३, ९८४९२४१६६१, ९८०११७०९८५, ९८०३५०५९३५
Email : administrative@laldhanus.com
Grievance : 9810172607 गुनासो सुन्ने : ९८१०१७२६०७

# चिन्ता र अशान्ति हटाउन प्रधानमन्त्री र मन्त्रीहरूलाई योग



**काठमाडौं/मस-** चिन्ता र अशान्ति हटाउन प्रधानमन्त्रीसहित मन्त्रीहरूले सिंहदरबारमै योग तथा प्राणयाम गरेका छन्। प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सुशासन र समृद्धिका लागि स्वजागरण कार्यक्रम सम्पन्न भएको हो।

त्यस अवसरमा मन्त्रीगण, प्रधान सेनापतिलगायत विभिन्न सुरक्षा निकायका उच्च अधिकारी, मुख्य सचिव तथा सचिव, विभागीय प्रमुख, निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो।

कार्यक्रममा जीवन विज्ञानका संस्थापक एलपी भानु शर्माले स्वजागरणसम्बन्धी प्रवचन दिएका थिए। प्रधानमन्त्री कार्कीले स्वजागरण अभियानले नैतिकता, सदाचारिता र सेवाभावयुक्त जनशक्ति निर्माण गरी मुलुकमा सुशासन स्थापनामा सघाउ पुग्ने विश्वास व्यक्त गरिन्। विभिन्न कालखण्डमा मुलुकमा भएका विविध सामाजिक-राजनीतिक आन्दोलनहरू तथा जेनजी पुस्ताको सदाचार र सुशासनको मागलाई ध्यानमा राख्दै अब स्वजागरणलाई सबै तहमा संस्थागत गरी दैनिक जीवनको हिस्सा बनाउनु अपरिहार्य भएको प्रधानमन्त्री कार्कीले बताइन्। उनले भनिन्, 'स्वजागरण केवल आध्यात्मिक अभ्यास मात्र होइन, यो आन्तरिक रूपमा व्यक्तिलाई खुसी र शान्त रहन सिकाउने र बाह्य रूपमा जिम्मेवार, कर्तव्यनिष्ठ र समृद्ध समाज निर्माणमा सहयोग पुऱ्याउने प्रयोगात्मक जीवन पद्धति हो। स्वजागरणले पहिले आफूलाई व्यवस्थित, अनुशासित र सचेत बनाउन सिकाउँछ। त्यसपछि परिवार, समाज र राष्ट्रप्रति जिम्मेवार बन्न प्रेरित गर्दछ। स्वजागृत व्यक्तिले अधिकार मात्र खोज्दैन, आफ्नो कर्तव्य के हो भन्ने प्रश्न आफैंसँग गर्छ।'

# स्वास्थ्य मन्त्रालयलाई कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई नर्वेस्थित 'लेर्डल ग्लोबल हेल्थ'ले कृत्रिम मानव 'मेन्किन' (सिमुलेसन मोडल) हस्तान्तरण गरेको छ।

बुधबार आयोजित कार्यक्रममा मन्त्रालयका प्रवक्ता तथा स्वास्थ्य आपतकालीन सेवा केन्द्रका प्रमुख डा.प्रकाश बुढाथोकीलाई सो संस्थाका प्रमुख कार्यकारी अधिकृत क्यारोलिन माइक्लेबस्ट लिन्डेले उक्त कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण गरेकी हुन्। सो अवसरमा स्वास्थ्यमन्त्री डा.सुधा गौतमले नेपालको स्वास्थ्य प्रणालीमा सहयोग गरेकामा धन्यवाद दिँदै नेपालको स्वास्थ्य सुधार गर्न सहयोगी संस्थाको ठूलो योगदान रहेको बताइन्।

उनले जेनजी आन्दोलनका बेला स्वास्थ्य आपतकालीन सेवा केन्द्र र यसका स्वास्थ्य उपकरणमा क्षति भएको उल्लेख गर्दै क्षति भएको उपकरण उपलब्ध गराएकामा सराहना व्यक्त गरिन्।

मन्त्री डा.गौतमले नर्वे र नेपालको स्वास्थ्य क्षेत्रमा सहकार्य जारी राख्नुपर्ने भनाइ राखिन्।

नेपालका लागि नर्वेका राजदूत डाग्नी म्योसले नेपालमा आपतकालीन प्रणालीलाई थप सेवा गर्न तयार रहेको बताए।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले ११ वटा कृत्रिम मानव 'मेन्किन' निःशुल्क रुपमा प्राप्त भएको जानकारी दिनुभयो। उहाँका अनुसार नौ वटा ठूला मानिस र दुई वटा बालबालिका कृत्रिम मानव प्राप्त भएको छ। तिनलाई सात वटै प्रदेशमा एक/एकवटा र एक वटा स्वास्थ्य आपतकालीन सेवा केन्द्र र तीन वटा स्वास्थ्य तालिम केन्द्रमा राखिने छ। 'कम्प्युर प्रविधिबाट बनाइएका ती मेन्किनले मानिसजस्तै चिच्चाउने, हाउभाउ दिने गर्दछन्' उनले भने, 'जसले गर्दा हामीलाई आपतकालीन बेला कुन तरिकाले उपचार गर्ने भन्ने कुरा ती कृत्रिम मानवबाट सिक्न सकिन्छ।'

# सरकारले निष्पक्ष निर्वाचन गराउँछ : गृहमन्त्री अर्याल

**काठमाडौं/मस-** गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारले निष्पक्ष निर्वाचन गराउने बताएका छन्। बुधबार मधेश प्रदेशको राजधानी जनकपुरमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उनले यस्तो बताएका हुन्। दलीय पक्षधरताबाट मुक्त रहेको वर्तमान सरकारले निष्पक्ष र धाँदलीरहित निर्वाचन गराउने उनको दाबी छ। उनले वर्तमान संविधानलाई यथावत कायम गर्नको लागी पनि तोकिएकै समय निर्वाचन हुनुपर्ने बताए। उनले वर्तमान संविधान र व्यवस्थालाई कायम राख्नुपर्ने भएकोले निर्वाचन अपरिहार्य रहेको उल्लेख गरे। उनले स्वतन्त्र नागरिकको सरकार भएकोले वर्तमान सरकारले कसैको पनि पक्षधरता नलिने बताए।

उनले भने, 'विद्रोहपछि पनि यो संविधान यथावत् रुपमा बहाली हुनुपर्छ। विद्रोहले गर्दा



तत्कालिन अवस्थाको संवैधानिक सरकारको म्याण्डेडबीचमा भंग भइसकेपछि र प्रतिनिधि सभाको म्याण्डेड बीचमा भंग भइसकेपछि पनि फेरि संवैधानिक व्यवस्था त्यही बहाली हुनुपर्छ। त्यही नै सुचारु हुनुपर्छ। संसद विघटन भएको ६ महिनाभित्र चुनाव गराउनुपर्छ भन्ने व्यवस्था संविधानमा छ। त्यो चुनाव गराउने र चुनाव गर्दाखेरि पनि कनै दलिय पक्षधरता नभएको स्वतन्त्र व्यक्तिहरूको सरकारले जसमा पुर्व प्रधानन्यायधीश सुशिला कार्की नै प्रधानमन्त्रीको रुपमा हुनुहुन्छ। निष्पक्षताको, स्वतन्त्रताको प्रतिकको रुपमा मानिन्छ पुर्व प्रधानन्यायधीशलाई। निष्पक्ष सरकारको जन्म भएको छ, यसले चुनाव मात्रै गराउँदैन, निष्पक्ष चुनाव गराउँछ। दलिय पक्षधरताबाट मुक्त भएको निष्पक्ष धाधलीरहित चुनाव गराउँछ।'

उनले वर्तमान सरकार बनेपछि सुरक्षा फौजको मनोबल पनि बढ्दै गएको बताए। हाल नागरिक र सुरक्षा निकायबीच सहकार्यको वातावरण बनिसकेको उल्लेख गर्दै उनले यसलाई निरन्तरता दिने बताए। उनले वर्तमान सरकारले सबैलाई समान व्यवहार गर्ने पनि जानकारी दिए। उनले आफूले जोखिम लिएर भएपनि प्रहरीको मनोबल बढाउन काम गरेको बताए। गृहमन्त्रालयमा केही व्यक्तिहरूले हस्तक्षेप गर्न नपाएर आफ्नो आलोचना समेत गरिएको उनको भनाइ छ। उनले आफूले आलोचना सहेर नै मन्त्रालय र सुरक्षा निकायमा अनुचित हस्तक्षेप हुन नदिएको दाबी गरे।

# निर्माण व्यवसायी महासंघको केन्द्रीय सदस्यमा अर्घाखाँचीका खनालको उम्मेदवारी घोषणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० पुस

नेपाल निर्माण व्यवसायी महासंघको केन्द्रीय सदस्यमा अर्घाखाँचीका युवा निर्माण व्यवसायी कबिराम खनालले उम्मेदवारी घोषणा गरेका छन्।

खनालले महासंघको केन्द्रीय सदस्य हुँदा गर्ने कामहरूको योजना सार्वजनिक गर्दै आफ्नो उम्मेदवारी घोषणा गरेका हुन्। अर्घाखाँचीको महासंघ सभाहलमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष वरिष्ठ व्यवसायी बसन्त भुसाल लगायतका पदाधिकारी र सदस्यहरू उपस्थित थिए।

खनालका अनुसार उनी निर्माण व्यवसायी महासंघको संस्थापक सदस्य हुन् र स्थापना कालदेखि महासंघ तथा व्यवसायीहरूको हकहित र गरिमाका लागि निरन्तर काम गर्दै आएका छन्। अब उनी केन्द्रीय सदस्य भएर अर्घाखाँचीबाट व्यवसायीहरूको अधिकार र हितको काम गर्ने उद्देश्य राखेका छन्।

कार्यक्रममा उपस्थित वरिष्ठ व्यवसायी भुसालले भने, 'महासंघको उद्देश्य प्रभावित भएको अवस्थामा अर्घाखाँचीबाट सदस्य घोषणा गर्नु व्यवसायीहरूको



हितमा सकारात्मक कदम हो।'


**बहराइनमा रोजगार**

कम्पनी: **VIONCA BEAUTY SALON** — शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०९/३० — चलानी नं.: ६०२५०६४० — LT. No.: 337077

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ५७,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **SABAYA BEAUTY CENTRE W.L.L** — शहर : BAHRAIN
पूर्व स्वीकृत मिति:२०८२/०९/३० — चलानी नं.: ६०२५०६३९ — LT. No.: 337076

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ५७,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**EMINENCE** Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com



**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/१०/०१**

**ग्ल्याम एण्ड ग्लो नेल्स एकेडेमी** को मिति २०८२/०९/०८ गतेमा सम्पन्न सधारण सभा/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्ल्याम एण्ड ग्लो ब्युटी हब एण्ड ट्रेनिङ सेन्टर (दर्ता नं.: ३५०७३८)** र साविकको ठेगाना **ललितपुर, ललितपुर महानगरपालिका-१२** लाई परिवर्तन गरि **काठमाडौं, काठमाडौं महानगरपालिका-११** कायम गर्ने गरी मिति २०८२/०९/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**VACANCY ANNOUCEMENT**

One of the reputed recruitment agency is seeking for following applicants.

**Documentation Officer: 2 (Female)**

Salary Negotiable

- ★ 10+2 from English Medium.
- ★ Minimum 3 to 4 years Experienced in Related Filed.

Interested and experienced candidates are requested to mail their updated resume and application to *documention@victorynepal.com*

**भिक्टोरी नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ९११/०६७/०६८
सिनामंगल ९, ताराहल चोक, काठमाडौं,
फोन नं: ०१४५९०२९६, ९८५११३१२२९



## Chichila Rural Municipality
## Office of the Municipal Executive
**Chichila, Sankhuwasabha**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 15th January 2026 (Marga 1, 2082)**

1. Chichila Rural Municipality invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding Procedure:

| S.N. | Contract Identification No. | Name of the Project | Estimated Amount (With VAT &PS ) | Last Date & Time | | Bid Security Amount (NRs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ W/R/04/ 082/83 | Upgradation of Chichila-PokhariGau-Chanaute Road | 39,20,818.73 | Bid Submission | 2082-11-05 12:00 hrs | 88,000.00 | 3000.00 |
| | | | | Bid Opening | 2082-11-05 14:00 hrs | | |

2. Electronics Bids must be submitted to the office (Chichila Rural Municipaltiy, Chichila, Sankhuwasabha) through PPMO website (www.bolpatra.gov.np/egp)
3. Eligible Bidders may obtain further information at the office of Chichila Rural Municipality, Chichila-1, Sankhuwasabha, 9842108213 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Prabhu Bank Ltd.**
   **Name of Office: Chichila Rural Municipality**
   **Account no.: 2757090624100138**
   **Rajaswa (revenue) Shirshak no. : GA-1-1-CHICHILA GA.PA ANTARIK RAJASWA KHATA**
5. **Information to Deposit the Bid security Amount (In Nrs.) in Bank:**
   **Name of the Bank: Prabhu Bank Ltd.**
   **Name of Office: Chichila Rural Municipality**
   **Account no.: 2757090624100058**
   **Rajaswa (revenue) Shirshak no. : GA—3-1 CHICHILA GA.PA.STHANIYA TAHA DHARAUTI KHATA**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Pre-bid meeting shall be held at Chichila Rural Municipality, Chichila-1 at: 14:00 Hrs, 8th February 2026 (Marga 25, 2082).
8. Chichila Rural Municipality, Chichila, Sankhuwasabha reserves the right to accept or reject or cancel any bid partially or fully without assigning any reason, whatsoever.
9. Other mandatory information as per Public Procurement Act and Public Procurement Regulation.

**Chief Administrative Officer**


# माघे संक्रान्ति पर्व मनाइँदै



**काठमाडौं/मस-** आज माघ १ अर्थात् माघे संक्रान्ति। मुलुकभर विभिन्न कार्यक्रम गरी माघे संक्रान्ति मनाइँदै छ। थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ स्नान, दान, एवं खानपिन र रमाइलो गरेर माघी पर्व मनाउँदै छन्। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले आजका दिनलाई मकर संक्रान्ति पनि भनिन्छ।

माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन्। धार्मिक मान्यताहरुका अनुसार उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ। आजको दिन पवित्र नदी एवं त्रिवेणीमा स्नान, जप, तप, ध्यान र दान गरी घ्यू, चाकु, तरुल एवं खिचडी खाने गरिन्छ। तरुललाई पुस मसान्तका दिन उसिनेर माघ १ गते खाने परम्परा छ। यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो। यी खानाले त्रिदोष नाश हुने धार्मिक विश्वास छ।

आजको दिन देवघाट, त्रिशुली, कालीगण्डकी, बागमती लगायतका नदीहरुमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ। यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ। तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन्।बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ। उत्तरायण भएपछि शुभकर्म गर्न उत्तम मानिन्छ। आज स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनकामना पूर्ण हुने जन विश्वास छ। महाभारतको युद्धमा मृत्यु श्ययामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेको पौराणिक मान्यता छ। आजका दिन भक्तपुरको तिलमाधव नारायणस्थान लगायतका तीर्थस्थलमा पनि मेला लाग्ने गर्दछ।

**टोखाबाट यसवर्ष पाँच करोड बढीको चाकू बिक्री**

काठमाडौं टोखाबाट यसवर्ष रु पाँच करोडभन्दा बढी मूल्य बराबरको चाकु बिक्री भएको छ। माघे संक्रान्तिको पूर्वसन्ध्यामा टोखाका चाकु व्यवसायीलाई चाकु बेच्न भ्याइनभ्याइ छ।

टोखाका हाल १८ उद्योगले चाकु, लड्डुलगायत उत्पादन गर्दै आएका छन्। १८ उद्योगमध्ये १० उद्योगले चाकू उत्पादन र बाँकी ८ उद्योगले तिलको लड्डु, भूजाको लड्डुलगायतका परिकार बनाउँदै आएका छन्। टोखा नगरपालिका-२ र ३ मा चाकू उत्पादन हुँदै आएको छ। यो टोखाको पुरानो बजारसमेत हो। उक्त बजारको नामबाट नगरपालिकाको नामसमेत राखिएको हो। टोखामा उत्पादन भएको चाकू काठमाडौं उपत्यकाका असन, इन्द्रचोक, भक्तपुर, पाटन, कीर्तिपुर र उपत्यका बाहिरका नारायणघाट, पोखरा, बुटवल, विराटनगरलगायत सहरमा पनि बिक्रीका लागि पुऱ्याउने गरिन्छ। टोखामा उत्पादन हुने चाकूले नेपालको करिब ६० प्रतिशत बढी चाकुको माग पूर्ति गर्ने बताइन्छ।

टोखा परम्परागत चाकू संरक्षण समाजका संस्थापक अध्यक्ष कृष्णबहादुर श्रेष्ठले टोखामा उत्पादित चाकू नेपालसँगै जापान, अमेरिका र अष्ट्रेलियालगायतका देशमा पुग्ने गरेको बताए। टोखामा बर्सेनि रु पाँच लाख किलो चाकू र लड्डु उत्पादन हुँदै आएको छ। नेवारी भाषामा 'टु' को अर्थ उखु, 'ख्यः' को अर्थ 'फल्ने ठाउँ' हो।

## सम्पादकीय

# कांग्रेस विभाजनबाट लिनुपर्ने पाठ

पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेस पुनः एकपटक विभाजित हुन पुगेको छ । जेनजी आन्दोलनपछि घाइते बनेको संविधान र लोकतान्त्रिक व्यवस्था धर्मराएका बेला आठ दशक लामो इतिहास बोकेको दलले धक्का बेहोरेको छ । असन्तुष्ट पक्ष विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयनतर्फ उन्मुख भएपछि संस्थापन पक्षले कार्यसम्पादन समितिको बैठक बसेर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहितका नेतालाई कारबाहीको निर्णय गरेको थियो । त्यससँगै कांग्रेस फुटले औपचारिक बाटो लिएको हो । विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल कांग्रेसको विभाजन त्यस्तो बेला भएको छ, जतिबेला मुलुकलाई संवैधानिक बाटोमा फर्काउन २१ फागुनमा चुनाव हुँदै छ । सरकार, दलहरू र जेनजी समूहहरू चुनावका लागि तयार छन् । देशभर राजनीतिक सरगर्मी बढ्नुका साथै निर्वाचनको माहोल बन्दै छ । निर्वाचन आयोगमा समानुपातिकतर्फको बन्दसूची पेस भइसकेको छ भने प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी दर्ता हुनु एक साताअघि मुख्य राजनीतिक दल कांग्रेस विभाजन हुन पुगेको छ । यसले चुनावप्रति नै अन्योल सिर्जना गरिदिएको छ । कांग्रेस सहज वैधानिक ढंगले विभाजन भएको होइन । त्यसैले वैधानिकताको विवाद टुंगिन केही समय लाग्न सक्छ । कांग्रेसको राजनीतिक विवाद अब कानुनी विषय बन्न पुगेको छ ।

नियमित महाधिवेशन टार्दै र सार्दै अघि बढेको पार्टी संस्थापन पक्षलाई चुनौती दिँदै महामन्त्रीद्वय गगन-विश्व समूहले विशेष महाधिवेशन आयोजना गरेपछि कांग्रेसको संकट गहिरिएको थियो । विशेषलाई मान्यता दिने वा नदिनेमा त दुई पक्षबीच मतभेद थियो नै अहिलेकै नेतृत्व लिएर चुनावमा जाने वा नयाँ नेतृत्व चयन गर्ने भन्नेमा पनि कुरा मिलेन । विभाजन रोक्न भएका पटकपटकका वार्ता र छलफलसमेत असफल हुन पुगे । कार्यवाहक दिइसकेका सभापति शेरबहादुर देउवालाई विश्राम दिने र नेता गगन थापालाई भावी प्रधानमन्त्री तोकेर जाने असन्तुष्ट पक्षको प्रस्ताव संस्थापनले अस्वीकार गरेसँगै कांग्रेसले विभाजनको बाटो लिएको हो । सतहमा जेजस्ता कारण देखिए पनि कांग्रेस विभाजनको मुख्य कारण लोकतान्त्रिक अभ्यासको असफलता हो । एउटा जीवन्त दलमा विचार, पुस्ता र कार्यशैलीका मतभेद स्वाभाविक हुन् । तर ती मतभेदको निकास गहन छलफलबाट निकालिनुपर्छ । वैधानिक विधिबाट समस्याको समाधान खोजिनुपर्छ । तर सबैभन्दा पुरानो लोकतान्त्रिक दल पार्टी महाधिवेशनसम्बन्धी विवादले विभाजनमा पुग्नु लज्जाको विषय हो । अन्तरसंघर्ष र मतभेदको वैधानिक समाधान गर्न नसक्नु नेतृत्वको पूर्ण असफलता हो । पार्टीभित्र व्यापक असन्तुष्टि र रूपान्तरणको माग उठिरहँदा त्यसलाई सम्बोधन गर्नुको सट्टा नेतृत्वले संयम गुमाएर कारबाहीको डण्डा चलाइनु गलत अभ्यास हो । लोकतन्त्र नीति र विचार मात्र होइन, असल अभ्यास र संस्कृति पनि हो । दुवै पक्षले अहंकार त्यागेर वैधानिक विधि, संवाद र सहमतिबाट समाधान खोजिएको भए अहिलेको फुट बेहोर्नुपर्ने थिएन । त्यसको कांग्रेसका दुवै पक्ष चुकेका छन् । यसबाट अन्य राजनीतिक दलले पनि शिक्षा लिनुपर्छ ।

# कागजको समाजवाद

*कागजमा कोरिएका अक्षरहरूले मात्र न्याय र विकासको प्रत्याभूति दिन सक्दैनन् ।*
*जबसम्म हामी नागरिक आफ्ना अधिकारप्रति सचेत र कर्तव्यप्रति जिम्मेवार बन्दैनौं, तबसम्म सत्ताको चरित्र बदलिने छैन ।*

अग्रलेख



● दिनेश अर्याल

२०७२ साल असोज ३ गते जारी भएको नेपालको वर्तमान संविधानसँगै राज्यलाई शक्तिसम्पन्न र जनतालाई अधिकारसम्पन्न बनाउने यात्रामा नेपालले हालसम्म ७ वटा संविधानको स्वाद चाखिसकेको छ । यो क्रममा नेपाली जनताले निरंकुशता, पञ्चायती व्यवस्था, बहुदलीय लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्मका विभिन्न शासन प्रणाली र प्रशासनिक अभ्यासहरू भोगेका छन् । विगतका केही परिवर्तनहरूले नयाँ आशा जगाएका थिए, कतिपयले निराशा पनि । यो बीचको उतार-चढावबीच नेपाली समाजले राजनीतिक, सामाजिक र चेतनात्मक रूपान्तरणको लामो यात्रा तय गरेको छ ।

अहिलेको अवस्था भन्नुपर्दा, नागरिकको मनोविज्ञानमा निराशा छाइरहेको, अविश्वास र गहिरो थकानले भरिएको जस्तो अनुभूति हुन्छ । देशको अस्थिर राजनीतिका कारण बारम्बार सरकार फेरिने तर जनताको अवस्था सधैं उस्तै-उही रहने यो अवस्थाले लोकतन्त्रप्रतिको भरोसा मात्र होइन, शासकहरूप्रतिको विश्वाससमेत कमजोर बनाएको छ । हरेक चुनावपछि आशा बोकेर बसेका नागरिकहरू केही महिनामै फेरि त्यही अस्थिरता, उही अनुहार र उही असफलतासँग जुध्न बाध्य छन् । नेतृत्वले देश र जनतालाई केन्द्रबिन्दुमा राखेर दीर्घकालीन दृष्टिकोण बनाउनेभन्दा पनि सत्ता समीकरणको गणितलाई प्राथमिकता दिएकै कारण वर्तमान शासनप्रति आम नागरिकको विश्वास क्रमशः खिइँदै गएको छ ।

नेपालमा शासन प्रणालीको संरचनालाई हेर्ने हो भने यो विश्वमै उत्कृष्ट रहेको छ । अझ नेपालको हालको संविधान त विश्वकै उत्कृष्ट संविधानको रूपमा चिरपरिचित छ । यद्यपि, यसको कार्यान्वयन पक्षमा निकै ठूलो समस्या छ । अस्थिर राजनीतिका कारण सरकार बारम्बार परिवर्तन हुँदा नीति स्थिर रहन सकेको छैन । राजनीतिक दल र चुनाव जितेर आएका नेताहरू सत्ता-केन्द्रित हुँदा जनतामुखी निर्णयहरू हुन सकेका छैनन् । संसदले कानून बनाउने प्रक्रिया ढिलो गर्दा समयमै आवश्यकता अनुरूप सुधार हुँदैन र सेवा प्रवाह कमजोर भएकाले नागरिकको दैनिक जीवन प्रभावित हुन्छ । यसरी शासन जनताप्रति जवाफदेही हुन नसक्दा व्यवस्था सैद्धान्तिक रूपमा मात्र बलियो देखिए पनि व्यवहारमा कमजोर र अपूरो बनेको देखिन्छ ।

दार्शनिक प्लेटो र अरस्तुले विकेन्द्रित र प्रजातान्त्रिक शासनको वकालत गर्ने क्रममा विकास भएको शासन १९९० को दशकदेखि सुशासन र नागरिक समाजमा शासकीय भूमिकाको उच्च महत्वसँग जोडिन थालेको हो । आज आएर उत्तरदायी शासन, बहुस्तरीय शासन र समकालीन शासकीय मान्यताहरू स्थायित्व पाइसकेका छन् । यद्यपि, नागरिकहरूले शासनका विभिन्न स्वरूपहरू देखेका र भोगेका भए पनि आजको सन्दर्भमा शासन कत्तिको प्रभावकारी र जनतामुखी छ भन्ने मूल्यांकन नै सबैभन्दा महत्वपूर्ण छ । यही मूल्यांकनले मात्रै भविष्यको शासन सुधार्ने मार्ग स्पष्ट पार्न सक्छ ।

संविधानका दफा-दफा र धाराहरूमा शासनलाई जनमुखी, पारदर्शी, जवाफदेही र समावेशी बनाउने परिकल्पना गरिएको छ । साथै, सरकार र प्रशासनको मुख्य उद्देश्य नागरिकको भलो र अधिकार सुनिश्चित गर्ने भनिएको छ । तर व्यवहारमा प्रायः यी मान्यता पूरा हुन सकेका छैनन् । राजनीतिक दलका आदेश र सत्ता-सौदाले निर्णय प्रक्रियालाई प्रभावित पारेका कैयौं उदाहरणहरू हाम्रा सामु छन् । त्यसैले नागरिकको आवश्यकता र अधिकार प्रायः उपेक्षित रहिरहेका छन् । यसरी संविधानमा लेखिएका सिद्धान्त र व्यवहारबीचको अन्तरले नै वर्तमान शासनको प्रभावकारितामा मुख्य चुनौती सिर्जना गरेको छ ।

देशको औपचारिक शासकीय संरचनामा 'सेन्ट्रल रोल' भएको राजनीतिक संरचनाले शासनको नेतृत्व गर्दै नीति तथा कानून निर्माण र त्यसको कार्यान्वयनको निगरानी गर्ने, साथै प्रशासनिक संरचनालाई




परिचालन गर्ने जिम्मेवारी बोकेको हुँदा देशको शासन कस्तो प्रभावकारी हुन्छ भन्ने मुख्य निर्धारक राजनीतिज्ञको भूमिका नै बन्ने गरेको छ । लोकतान्त्रिक मूल्य र मान्यता अवलम्बन गरेको नेपालमा जनताले चुनेका जनप्रतिनिधिहरू नै शासनका वास्तविक सञ्चालक भएकाले शासकीय प्रावधानलाई कत्तिको प्रभावकारी बनाउने अर्थात् विधिको शासनलाई कहाँसम्म लागू गर्ने भन्ने निर्णय उनीहरूको इच्छाशक्ति, नेतृत्व क्षमता र जवाफदेहीपनमा निर्भर गर्दछ ।

शासन राज्यले गर्ने औपचारिक कानुनी घोषणा मात्र होइन; यो जनताले दैनिक जीवनमा अनुभूति गर्ने यथार्थ हो । यसमा मनोसामाजिक आयाम पनि जोडिएको हुन्छ । त्यसैले राज्य सफल भयो कि असफल भन्ने निर्णय अन्ततः उसले प्रवाह गरेको सार्वजनिक सेवाप्रति जनताले गरेको अनुभूति र मूल्यांकनबाट नै तय हुन्छ ।

सबैले बुझ्नुपर्ने मुख्य कुरा के हो भने लोकतन्त्रमा शासनको वास्तविक मालिक जनता नै हुन् र शासकहरू हरेक निर्णयमा जनताप्रति उत्तरदायी हुन बाध्य हुन्छन् । तर व्यवहारमा हेर्दा, आज पनि धेरै निर्णयहरू जनताको चाहनाभन्दा पार्टीको आदेश, केही सीमित स्वार्थ र शक्ति सन्तुलनबाट निर्देशित भइरहेका छन् । यही नमिठो अभ्यासले लोकतन्त्रको आत्मालाई कमजोर बनाउँदै लगेको कुरा देशले महसुस गर्न बाध्य भएको छ । देश र जनताको हितका लागि नीति, ऐन र कानून निर्माण गर्ने सर्वोच्च थलो व्यवस्थापिका संसद हो । तर समयमै आवश्यक कानून नबन्नु, बहसहरू निष्कर्षमा नपुग्नु र जिम्मेवारीबाट भाग्नुका कारण आम नागरिकले प्रत्यक्ष रूपमा दुःख भोगिरहेको अवस्था विद्यमान छ । जनताको पीडा सुन्ने, समस्या उठाउने र समाधान खोज्ने 'जनताको घर' भनिने संसद नै आज आफ्नो भूमिकामा अपेक्षित रूपमा उत्रन सकेको छैन । यद्यपि संसदलाई मर्यादित, प्रभावकारी र जनमुखी बनाउन सबैको सामूहिक प्रयास आवश्यक छ, तर व्यवहारमा संसदमा सहभागी प्रमुख राजनीतिक दलहरूले त्यो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न सकेका छैनन् । परिणामस्वरूप संसद समाधान खोज्ने थलो हुनुपर्नेमा नारा, अवरोध र शक्ति प्रदर्शनको रंगमञ्चजस्तै बन्दै गएको विगत हामीले बारम्बार देखिसकेका छौं । अहिले संसद बन्द हुँदा हामीले बहस होइन, शून्यता मात्र देखिरहेका छौं ।

जनताले दिएको मत परिवर्तन र सुशासनका लागि थियो, निरन्तर नाराबाजीका लागि होइन । त्यसैले अब प्रश्न स्पष्ट हुनुपर्छ- हामी प्रतिनिधि छानिरहेका छौं कि स्थायी नाराबाजीहरू ? लोकतन्त्र नाराले होइन, उत्तरदायित्व, काम र परिणामले बलियो हुन्छ भन्ने कुरा सबैले गम्भीरतापूर्वक बुझ्नु जरुरी भइसकेको छ ।

नेपालको शासन संरचना राम्रो भए पनि व्यवहारमा जनमुखी, प्रभावकारी र स्थिर रहन नसकेको कारण विकासमा ढिलाइ भइरहेको छ । अन्य देशहरूले छोटो समयमा प्रगति गरेको विषयलाई हामीले वेवास्था गर्नु हुँदैन । भुटानले २००८ पछि संविधानको आधारमा शिक्षा, स्वास्थ्य र डिजिटल प्रशासनमा तीव्र प्रगति गरेको छ । दक्षिण कोरियाले अस्थिर राजनीतिक अवस्था हुँदाहुँदै दीर्घकालीन नीति, भ्रष्टाचार नियन्त्रण र प्रशासनिक दक्षतामा जोड दिएर आर्थिक र सामाजिक विकास हासिल गरेको छ । भुटानमात्रै होइन विगतमा नेपालभन्दा कमजोर अवस्थामा रहेका देशहरूले धेरै राम्रो प्रगति गरेका छन्, तर नेपाल आज पनि जस्ताको तस्तै अवस्थामा रहेको छ । अवस्था सुध्रिएको छैन, झन् विकराल हुँदै गएको छ । नेपालमा भने बारम्बार सरकार परिवर्तन, पार्टी-केन्द्रित निर्णय र ढिलो कानून निर्माणले दीर्घकालीन नीति कार्यान्वयनमा बाधा पुर्‍याएको छ । यसले जनताको आवश्यकता र अधिकार प्रायः उपेक्षित रहँदा शासन जनमुखी बन्न सकेको छैन । सारमा, अन्य देशहरूले अपनाएको निरन्तरता, नागरिक सहभागिता र जवाफदेही शासनको अभ्यास नेपालमा लागू गर्न सकेमा छोटो समयमा पनि प्रभावकारी शासन सुनिश्चित गर्न सकिन्छ । अबको सन्दर्भमा, हामीले चाहेको शासन व्यवहारमा जनमुखी र उत्तरदायी हुनु आवश्यक छ । यसका लागि समयमै कानून बनाउन सक्षम संसद्, दीर्घकालीन र निरन्तर नीति लागू गर्ने सरकार, योग्य र दक्ष प्रशासनिक कर्मचारी, सेवाग्राही-केन्द्रित प्रशासनिक प्रक्रिया र भ्रष्टाचारविरुद्ध कडाइका साथ लागू हुने राज्य व्यवस्था अनिवार्य छन् । यस्तो शासनमा पार्टीभन्दा माथि राष्ट्रको हित प्राथमिक हुन्छ र जनताको आवाज, आवश्यकता र अधिकार शासन सञ्चालनको मूल आधार बन्नुपर्छ । यही हो- नेतृत्व र प्रशासनको समन्वयमा साकार हुने वास्तविक, प्रभावकारी र हामीले चाहेको शासन ।

हामीले परिकल्पना गरेको सुशासन संविधानले प्रत्याभूत गरेको हाम्रो नैसर्गिक अधिकार हो । तर कागजमा कोरिएका अक्षरहरूले मात्र न्याय र विकासको प्रत्याभूति दिन सक्दैनन् । जबसम्म हामी नागरिक आफ्ना अधिकारप्रति सचेत र कर्तव्यप्रति जिम्मेवार बन्दैनौं, तबसम्म सत्ताको चरित्र बदलिने छैन । जनताको निरन्तर जागरूकता, अर्थपूर्ण सहभागिता र खबरदारी नै शासनलाई उत्तरदायी बनाउने मुख्य कडी हो । त्यसैले परिवर्तनको पर्खाइमा बस्नुभन्दा परिवर्तनको संवाहक बनेर लोकतन्त्रलाई जीवित राख्नु नै आजको मुख्य आवश्यकता हो ।

## इतिहासमा आज

१५ जनवरी २०१३ मा इजिप्टियन सेना बोकेको रेल ग्रेटर कायरोको गिजा नजिकै पटरीबाट खसेर दुर्घटनामा परेको थियो । जुन घटनामा १९ जनाको मृत्यु भएको थियो भने १२० जना घाइते भएका थिए ।



१५ जनवरी २०१९ मा केन्याको नैरोबीमा रहेको डुसिटडी२ होटलमा सोमाली आतंककारीहरूले आक्रमण गर्दा होटलमा बसिरहेका २१ जना अथितिको मृत्यु भएको थियो भने १९ जना घाइते भएका थिए ।



१५ जनवरी २०२० मा जापानी स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले जापानमा कोभिड-१९ को पहिलो केस पुष्टि गरेको थियो ।



१५ जनवरी २०२१ मा इन्डोनेसियाको सुलावेसी टापुमा ६.२ म्याग्निच्युडको भूकम्प जाँदा कम्तिमा १०५ जनाको मृत्यु भएको थियो भने ३ हजार ३६९ जना घाइते भएका थिए ।



# कुलमान : नतिजाले बोल्ने नेतृत्व

टिप्पणी



● बेनिबहादुर मोक्तान

*विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदमा दुई कार्यकाल आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दै गर्दा कुलमानले नेपाललाई लोडसेडिङमुक्त मात्रै बनाएनन्, ऊर्जाको खपतमा मितव्ययीता र उत्पादनमा बढोत्तरी कायम गर्न सफल भए । आज नेपालले भारत र बंगलादेशजस्ता मुलुकहरूलाई विद्युत् निर्यात गर्न थालिसकेको छ ।*

नेपालका कुलमान घिसिङविरुद्ध पछिल्ला समय सामाजिक सञ्जालमा फैलाइएका नकारात्मक टीकाटिप्पणीहरू संयोग होइनन् । यी टिप्पणीहरू वास्तवमा काम गर्ने नेतृत्वप्रति असहज हुने प्रवृत्तिको प्रतिबिम्ब हुन् । किनकि नेपालमा परिवर्तनको कुरा गर्नेहरू धेरै छन्, तर परिवर्तन गरेर देखाउनेहरू विरलै छन् । कुलमान घिसिङ त्यही विरलै पाइने नेतृत्व हुन्, जसले गफ होइन, काम र नतिजाबाट आफूलाई प्रमाणित गरिसकेका छन् । उनी वास्तवमै परिवर्तन, नतिजामुखी कार्य, कर्तव्यनिष्ठता, इमान्दारिता तथा कानूनी राज्य स्थापनाका लागि विगतका कामबाट परीक्षण भइसकेका 'टेस्टेड' व्यक्तित्व हुन् । १८ घण्टासम्मको लोडसेडिङमा थिचिएको मुलुकलाई उज्यालोतर्फ लैजानु कुनै राजनीतिक भाषणबाट सम्भव थिएन । त्यो केवल निरन्तर समर्पण र कडा परिश्रमबाट प्राप्त नतिजाबाट मात्र सम्भव थियो ।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदमा दुई कार्यकाल आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दै गर्दा कुलमानले नेपाललाई लोडसेडिङमुक्त मात्रै गरेनन्, ऊर्जाको खपतमा मितव्ययीता र उत्पादनमा बढोत्तरी कायम गर्न सफल भए । आज नेपालले भारत र बंगलादेशजस्ता मुलुकहरूलाई विद्युत् निर्यात गर्न थालिसकेको छ । त्यतिमात्र होइन, हाल नेपालमा ३ हजार ६ सय २ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ र पछिल्ला समय ऊर्जा क्षेत्र सबैभन्दा उच्च वृद्धिदर भएको उप-क्षेत्र (१३.८२ प्रतिशत) का रूपमा नेपाली अर्थतन्त्रमा स्थापित हुन थालेको प्रतिवेदनहरूले देखाएका छन् । नेपालको ऊर्जा क्षेत्रमा यस्ता उपलब्धि हासिल गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका कुलमानको हिजोको कार्यसम्पादन नकार्नेहरू या त स्मृतिहीन छन्, या स्वार्थबाट निर्देशित छन् ।

लोडसेडिङकै समयमा पार्टीगत संरक्षणका आडमा डेडिकेटेड तथा ट्रंक लाइन प्रयोग गरेर पनि बक्यौता नतिर्ने उद्योगी समूहलाई कानूनी दायरामा ल्याउनु कुलमानको अर्को महत्वपूर्ण उपलब्धि हो । नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ३२(क) बमोजिम विद्युत् खरिद-बिक्री सम्झौताअनुसार मासिक बिलबाट क्रमशः कट्टा गरी बक्यौता असुल गर्ने कानूनी व्यवस्था अनुरूप विद्युत् आपूर्ति काट्ने साहसी निर्णय लिनु उनले संविधानले परिकल्पना गरेको कानूनी राज्य स्थापनाप्रति देखाएको प्रतिबद्धताको प्रमाण हो । यही निर्णयका कारण आज २० अर्ब रुपैयाँभन्दा बढी बक्यौता उद्योगहरूले बुझाउन थालेका छन्, जुन राज्यको हितमा ऐतिहासिक कदम मान्न सकिन्छ ।

जेनजी विद्रोहले सोधेको प्रश्न भनेको नेपालको संविधानलगायत महत्वपूर्ण दस्तावेजहरूमा उल्लेखित समृद्धि, सुशासन, समानता, सामाजिक न्याय र समतामूलक समाजको निर्माण विकास, सुशासन, पारदर्शिता, जवाफदेहिता तथा भ्रष्टाचारमुक्त समाजको स्थापना बिना कसरी सम्भव हुन्छ भन्ने हो । सँगसँगै पुरानै कार्यशैली र पुरानै व्यक्तिबाट नयाँपन कसरी आउँछ भन्ने प्रश्न पनि हो । यसका लागि हरेक क्षेत्रमा संस्कार र प्रवृत्ति बदल्नुपर्छ, मिडियाबाजी गर्ने होइन, स्वच्छ छवि बोकेका काम गर्ने नेतृत्व चाहिन्छ । भ्रष्टाचारमुक्त सेवा प्रवाह गर्ने र नागरिकका समस्या बुझ्ने प्रशासक तथा राजनीतिज्ञ अपरिहार्य हुन्छन् भन्ने विश्वासकै आधारमा जेनजी विद्रोह भएको हो । जेनजी आन्दोलनपछिको अन्तरिम सरकारमा तीन मन्त्रालयको जिम्मेवारी सम्हाल्दा कुलमानले मन्त्री भनेका उद्घाटन, रिबन र दोसल्लाका लागि मात्र होइनन् भन्ने प्रमाण दिए । उनी कुर्सीमा होइन, फिल्डमा देखिए । विकास आयोजनालाई बन्धक बनाउने ४० भन्दा बढी रुग्ण ठेक्का तोड्नु, प्रकोपले अवरुद्ध सडक तुरुन्त सञ्चालनमा ल्याउने व्यवस्था मिलाउनु, किसानसँग सिधा संवाद गरी कृषि समस्या समाधान गर्न खोज्नु, बञ्चरेडाँडादेखि मेलम्चीसम्मका जटिल समस्यामा तत्काल निर्णय लिनु- यी सबै कुलमानका कार्यशैली आजका अधिकांश मन्त्रीहरूका लागि असहज उदाहरण हुन् ।

यही कारण कुलमान काम नगर्नेहरूका लागि, व्यवस्था दोहन गर्नेहरूका लागि र भाषणमै राजनीति गर्नेहरूका लागि असहज बन्दै गएका छन् र परिणामस्वरूप साइबर सेनाको बल प्रयोग गरी उनीमाथि प्रहार भइरहेको देखिन्छ । तर तथ्य के हो भने कुलमान केवल 'कुल गन' बोकेको व्यक्ति होइनन्, उनी समर्पण र सदाचारका प्रतीक हुन् भन्ने कुरा साँचिकै परिवर्तन चाहने जेनजीले स्वीकार गर्न हिच्किचाउनुपर्ने जस्तो लाग्दैन ।

यसको अर्थ अरू सक्षम नेता छैनन्, कुलमान मात्रै हुन् भन्ने होइन । वर्तमान नेपाली राजनीतिमा काम गर्ने, परिवर्तन चाहने र विकासप्रेमी नेताहरू छैनन् भन्न खोजिएको पनि होइन, अरू पनि छन् । तर उनीहरू मूलधारमा आउन बाँकी छन्, कतिपय स्थानीय तहमा सीमित छन् । जेनजी आन्दोलनमा ७४ भन्दा बढी सहिद, हजारौं घाइते र अर्बौंको पूर्वाधार क्षति किन भयो ? के फेरि त्यही चक्र दोहोर्‍याउने ? यो प्रश्न नागरिक तथा आम जेनजी सबैका लागि हो । यदि अब पनि हामीले प्रभावकारी डेलिभरी दिने कुशल व्यवस्थापक, जुझारु, निर्णय क्षमतामा अब्बल र टिमवर्कमा विश्वास गर्ने नेतृत्व चिन्न सकेनौं, गफ लाउनेलाई फाल्न सकेनौं भने इतिहासले दोष नेतामाथि होइन, हामी नागरिकमाथि थोपर्नेछ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

समयको पदचाप नबुझ्ने शासक अरूले अपमानित गर्न पर्दैन-ती आफ्नो अपमान आफै गरिरहेका हुन्छन्।आफ्नै मूर्खताले श्रीपेच गुमाएका ज्ञानेन्द्र शाह,जेनजी आन्दोलनले लखेटिएका केपी ओली, विशेष महाधिवेशनले लखेटिन लागेका शेरबहादुर देउवा निरोका नेपाली संस्करण हुन्, जो देश जल्दा बाँसुरी बजाइरहे ।



**हरि रोका**

कांग्रेस विभाजित हुँदा मुलुकको एग्जिस्टिङ राजनीतिमा नै धेरै ठूलो प्रभाव पर्नेछ । सबैभन्दा ठुलो व्यक्तिगत राजनीतिक प्रभाव चाँही कांग्रेस नेता डा. शेखर कोइराला र उहाँको समूह (गुट)को अस्तित्वमा पर्नेछ । ठोस परिस्थितिको ठोस विश्लेषण ठोस समयमा गर्न चुक्दा ठुलो विरासत एकै क्षणमा भत्कन्छ ।



**रञ्जित तामाङ**

कांग्रेसको विशेष महाअधिवेशनको उद्घाटन सत्रमा सांस्कृतिक प्रस्तुतिहरू राम्रै थियो । अन्तिममा योगेश्वर अमात्यले 'तिमी आइनौ, क्या बोर भयो' भन्ने गीत गाएको भए सुनमा सुगन्ध नै हुने रहेछ । किनभने महाअधिवेशनमा पार्टी सभापति शेरबहादुर देउवा आउला भन्ने आशा थियो । तर देउवा आएन ।



**सूर्यराज आचार्य**

परिवारको सदस्य बिरामी हुँदा राम्रो डाक्टरको खोजी गर्छन् । आफ्नो दलको होइन, राम्रो डाक्टर। अर्कै दलको भए पनि फरक पर्दैन। तर आफ्ना सन्तानको भविष्य निर्धारण गर्ने शिक्षक/प्राध्यापक चाहिँ राम्रोभन्दा पनि 'हाम्रो दलको' चाहिने कुरो हुन्छ । शिक्षामा यस्तो किसिमको राजनीति नहुनुपर्ने हो ।

# सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन चुनौतीपूर्ण



**ललितपुर/मस–** सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन अझैपनि चुनौतीपूर्ण रहेको सरोकारवालाले बताएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ(फोनिज) को उपत्यका प्रदेश समितिले 'समृद्धिको आधारः पूर्ण समावेशी सञ्चार' नाराका साथ आज 'फोनिज संवाद' आयोजना गरेको थियो । सो संवादमा बागमती प्रदेश सरकारले कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याइरहेको नेपाल भाषा र तामाङ भाषाको कार्यान्वयन, समस्या र चुनौतीका सन्दर्भमा छलफल गरिएको थियो । छलफलमा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मातृभाषा संरक्षण र प्रवर्द्धनका लागि विनियोजित बजेट अपुग भएकाले थप व्यवस्था गर्नुपर्ने बताए । 'नीति तथा कार्यक्रम बनाएर बजेट छुट्याइएको हुन्छ, सरोकारवालाले कुराभन्दा पनि काममा ध्यान दिनुपर्छ,' उनले भने । उनले आदिवासी जनजातिका पक्षमा आएका माग सम्बोधनका लागि सरकारलाई सिफारिस गरेर पठाइएको जानकारी दिए ।

नेपाल आदिवासी जनजाति महासंघका महासचिव दिवस राईले संविधानमा भएको व्यवस्थाअनुसार संघीय कार्यान्वयनको एउटा महत्त्वपूर्ण पाटो मातृभाषाको संरक्षण र सरकारी कामकाजको उपयोगमा ल्याउने व्यवस्था कार्यान्वयन गर्नु भएको उल्लेख गरे । उनले आदिवासी जनजातिको भाषा, संस्कृति र लिपिको संरक्षण र व्यावहारिक कार्यान्वयनका लागि राज्य र सरकार दुवैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिए ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्रालयका उपसचिव पवनकुमार पोखरेलले अस्थिर सरकार हुँदा ऐन, नियम बनाउने र बजेट तथा नीति कार्यक्रम कार्यान्वयन गर्न समस्या भएको बताए । उनले भाषागत प्रशिक्षण, साहित्यको विकासका लागि बजेट छुट्याइएको भए पनि सरोकारवालाहरूले बजेट मागका लागि नआउँदा खर्च हुन नसकेको बताए ।

भाषा आयोगका कायममुकायम सचिव डाक्टर लोकबहादुर लोप्चनले बागमती प्रदेशले नेवारी र तामाङ भाषाका भाषा प्रशिक्षक राखेर प्रशिक्षण र अनुवादक राखेर सरकारी कामका लागि सहजीकरण गरेको जानकारी दिए ।

फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरीले भाषिक लवज र मातृभाषालाई जोगाएर राख्नका लागि सो भाषा बोल्ने मानिसको संख्या वृद्धि हुनुपर्नेमा जोड दिए ।

फोनिजको उपत्यका प्रदेश समितिका अध्यक्ष प्रशान्त मालीले सरकारले कमजोर वर्ग र राज्यको नीतिगत तहमा पहुँच नपुगेकाहरुको पहुँच अभिवृद्धि गर्दै राज्यको मूल प्रवाहमा ल्याउन उचित नीतिगत व्यवस्थाका साथै बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।

# रौतहटको गुरुकुलमा तोडफोड

सत्येन्द्रप्रताप सिंह/ मध्यान्ह
रौतहट, ३० पुस



रौतहट सदरमुकाम गौरमा हालै सञ्चालनमा आएको श्री रामलखन हरि साह गुरुकुल विद्यापीठमा तोडफोड र अभद्र व्यवहार गरिएको छ । जिल्लामै पहिलोपटक विशेष उद्देश्यका साथ सञ्चालनमा आएको यस धार्मिक तथा शैक्षिक संस्थामाथि भएको घटनाले स्थानीय शिक्षाप्रेमी, अभिभावक तथा धार्मिक समुदायलाई स्तब्ध बनाएको छ । अज्ञात समूहले गुरुकुलको मुख्य बोर्ड च्यात्नुका साथै भवनको ढोकामा तोडफोड गरी क्षति पुर्‍याउने प्रयास गरेका छन् । यसका साथै गुरुकुलको भित्तामा अत्यन्तै आपत्तिजनक र अश्लील शब्दहरू लेखिएको पाइएको छ ।

पवित्रता, अनुशासन र संस्कारको प्रतीक मानिने गुरुकुलजस्तो शैक्षिक थलोमा यस प्रकारको अमर्यादित गतिविधि हुनु अत्यन्तै निन्दनीय भएको स्थानीयवासीहरूको भनाइ छ ।

**गुरु र विद्यार्थी असुरक्षित महसुस गर्दै**

घटनापछि गुरुकुलमा अध्ययनरत साना विद्यार्थी र अध्यापनमा संलग्न गुरुहरूले त्रास र असुरक्षाको महसुस भएको बताएका छन् । शान्त र सुरक्षित वातावरणमा शिक्षा दिनु र लिनुपर्ने स्थानमा यस्ता अवाञ्छित गतिविधि हुँदा बालबालिकाको मानसिक अवस्थामा नकारात्मक असर परेको एक अभिभावकले गुनासो गरेका छन् ।

गुरुकुल प्रशासनले घटनाको कडा शब्दमा भर्त्सना गर्दै दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन माग गरेको छ । प्रशासनका अनुसार शैक्षिक संस्थामाथि गरिएको यस्तो आक्रमण निन्दनीय र अक्षम्य अपराध हो । जिल्ला प्रशासन र प्रहरीले तत्काल घटनाको अनुसन्धान अघि बढाई दोषी पत्ता लगाएर कडाभन्दा कडा कारबाही गर्नुपर्ने माग गरिएको छ ।

स्थानीय बुद्धिजीवीहरूले गुरुकुलमाथि भएको यो आक्रमण केवल एउटा भवनमाथिको तोडफोड मात्र नभइ समग्र शिक्षा प्रणाली, धार्मिक सहिष्णुता र सामाजिक सद्भावमाथिको प्रहार भएको बताएका छन् ।

यस घटनालाई गम्भीरतापूर्वक लिँदै स्थानीय प्रशासनले सुरक्षा व्यवस्था कडा पार्नुपर्ने आवश्यकता देखिएको छ । स्थानीयले यस्ता घटनाको पुनरावृत्ति हुन नदिन सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गरेका छन् ।


## टुरिष्ट ल्याण्ड रिसोर्ट लिमिटेड
(द.नं. ३५४७८५/८१/८२) को

**प्रथम बार्षिक साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई जारी गरिएको सूचना ।**

(प्रथम प्रकाशन मिति २०८२/१०/०१)

यस कम्पनीको मिति २०८२ माघ १ गते बसेको सञ्चालक समितिको निर्णयानुसार निम्न प्रस्तावहरूमा छलफल गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने हुँदा कम्पनीको सम्पूर्ण शेयरधनीहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**साधारण सभा हुने स्थान :** कम्पनीको रजिस्टर्ड कार्यालय, सुनसरी जिल्ला धरान उ.म.न.पा.वडा नं. ४ ।

**मिति :** २०८२/१०/२५, आइतबार

**समय :** बिहान ११:३० बजे

**प्रस्तावहरू :**

**१. सामान्य प्रस्ताव :**

(क) आ.व.२०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
(ख) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको नाफा-नोक्सान हिसाबसहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा ।
(ग) आ.व.२०८२/०८३ को नाफा-नोक्सानसहितको वित्तीय विवरण तैयार गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(घ) सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा ।
(ङ) सञ्चालकको पारिश्रमिक तथा भत्ता सम्बन्धमा ।
(च) विविध ।

**सञ्चालक समितिको निर्णयले**
**सञ्चालक अध्यक्ष**

## काठमाडौं महानगरपालिका
### ३२ नं. वडा कार्यालय कोटेश्वर, काठमाडौं

**श्री स्मार्ट टेलिकम प्रा.लि. (सम्पर्क नं.०१५००८५८८) को नाममा टावर हटाउने सम्बन्धमा जारी भएको १५(पन्ध्र) दिने सूचना**

प्रकाशित मिति: २०८२/१०/०१

यस वडाको कोटेश्वर सरस्वती माता मार्ग स्थित लिला बहादुर श्रेष्ठको नाममा रहेको घरको कौशी श्री स्मार्ट टेलिकम प्रा.लि. ले भाडामा लिई टावर तथा Euipments राख्नु भएकोले भाडा समेत नदिई विगत चार वर्ष अघिदेखि अलपत्र अवस्था छाडी हालसम्म पनि सम्पर्कमा नआनुभएकोले उक्त टावर तथा Equipmments हटाई भाडा असुलउपर गराई पाउँ भनी निवेदन दिनुभएको हुँदा यस कार्यलयबाट तपाईले भाडामा लिएको घर/दैलोमा मिति २०८२/०९/११ गते ३ (तीन) दिने र मिति २०८२/०९/२२ गते ७ (सात) दिने सूचना टाँस गर्दा समेत उपस्थित नहुनुभएकोले तपाईले भाडामा लिनुभएको उक्त कौशी खाली गर्नुनपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला । अन्यथा काठमाडौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७ (६) बमोजिम यस कार्यलयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/१०/०१**

**हिमालयन सोसल जर्नी ट्राभल प्रा. लि.** को मिति २०८२/०९/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोरा होलीडेज प्रा. लि. (प्रा.लि नं. १२०४४१/०७०/०७१)** कायम गर्ने गरी मिति २०८२/०९/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Saudi Arabia मा रोजगार

१. कम्पनी: ABDULLAH HISHAM BIN RASHID AL YEMENI RESTAURANTS FOR MEALS, शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०९/२८ | चलानी नं.: ६०२५०६०३ | LT. No.: 337010

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Kitchen Helper | 5 | 0 | स.काममा दक्ष | 1500 | ५७,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Advanced Fuely Petroleum Services Company, शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०९/३० | चलानी नं.: ६०२५०६४५ | LT. No.: 337108

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gas Station Attendant | 7 | 0 | स.काममा दक्ष | 1200 | ४६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ माघ ८ गते (22 Jan. 2026) मा हुनेछ ।**

**Chartered Global Human Resources Pvt. Ltd.**
Tokha-10, Kathmandu, Nepal, Tel.: 01-4980114, 4988226
Mo.: 9851249861 / 9851249859 / 9813756198
Email: info@cg-hr.com, Web: www.cg-hr.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी: NSK TRADE CITY SDN BHD | शहर: Ulu Tiram, Johor Darul Takzim
पूर्व स्वीकृत मिति: २०८२/०९/३० | चलानी नं.: ६०२५०६२४ | LT. No.: 337195

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 150 | 0 | स. काममा दक्ष | 1700 | ६०,३३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ १४ र १५ गते (28 & 29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

**BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE PVT.LTD.**
Saraswoti Marga-02, Gairidhara, Kathmandu, Nepal
Tel: 01-5917711, 01-5917811 , Email: bhumiputraemployment@gmail.com
Mobile No: 9802377378, 9802377375. Website: bhumiputraemployment.com
श्रम इजाजत नं. १०९४/०७३/०७४

## साउदीमा रोजगार

कम्पनी: MASSADR HUMAN RESOURCES SERVICES COMPANY | शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति:२०८२/०६/३० | चलानी नं.:६०२४६१५३ | LT. No.:332448 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Boy Bldg Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker/Kitchen Helper | 25 | 0 | | 1100 | ४२,२४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.**
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287
श्रम इजाजत पत्र नं.: ३३६/०५५/०६०

## युएईमा रोजगार

कम्पनी: MUKUM LUNG BUILDINGS MAINTENANCE AND CLEANING SERVICES | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०८/१६ | चलानी नं.: ६०२४८३२८ | L.T.No.: 334720 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 94 | 0 | स. काममा दक्ष | 1000 | ३९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता होटल यात्रा कपिलवस्तुमा २०८२ माघ १४ र १५ गते (28 & 29 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.**
Pingalasthan-08 , Gaushala , Kathmandu. फोन: ४४७०७७८, ४४८८८७९, फ्याक्स नं: ४४६०३५८
Email: gorkhanepalservices925@gmail.com | URL: www.gorkhanepalservices.com
Kapilvastu Contact No: 9805458166, 9805091204, 9811454935
श्रम इजाजत नं. ९२५/०६७/०६८

## युएईमा रोजगार

कम्पनी: CAPRA GROUP FOR PROPERTY CARE EST | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०६/२४ | चलानी नं.: ६०२४५८५६ | LT. No.: 332179 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ५०,९७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeping | 4 | 0 | | 1000 | ३९,२१० | | | | | | | |
| 3. | Lifeguard | 6 | 0 | | 1300 | ५०,९७३ | | | | | | | |

कम्पनी: SPRING BLUE TECHNICAL & CLEANING SERVICES L.L.C | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०६/२४ | चलानी नं.: ६०२४५८५८ | LT. No.: 332180 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Staff | 25 | 0 | स. काममा दक्ष | 1000 | ३९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**OPUS MANPOWER PVT. LTD.**
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail: info@opusmanpower.com
श्रम ई. पत्र नं. ९४८/०६७/०६८

## युएईमा रोजगार

कम्पनी: CHINA RAILWAY 18TH BUREAU GROUP(L.L.C) | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/०६ | चलानी नं.: ६०२२३९४४ | L.T. No.: 309227 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 93 | 0 | स. काममा दक्ष | 1200 | ४७,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: CHINA RAILWAY 18TH BUREAU GROUP(L.L.C) | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०४/२८ | चलानी नं.: ६०२२३४६५ | L.T. No.: 308848 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 92 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 100 | 0 | | 1200 | ४७,०५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ८ गते (22 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

Govt. License No.: 1470/074/075
**ADVANCED MANAGEMENT CONSULTANTS** "manpower supply & recruitment consultant"
Samakhushi, Kathmandu ☎ 01-4964211, 4974211 ✉ cvtoamc@gmail.com www.amgroup.com.np
Kathmandu: 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Birtamode: 9824035531, 9807960966, 9801442369, 9801442370, 9801442371, 023-542357

## ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
## मलेशियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि), रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ।)

### A. Employer's Information (रोजगारदाताको विवरण)

**Name: Benchmark Electronics (M) Sdn. Bhd. Address: Penang, Malaysia**
**नामः बेन्चमार्क इलेक्ट्रोनिक्स (एम) एसडिएन. बिएचडी. ठेगानाः पेनाङ, मलेशिया**

### Short description about Company (कम्पनीको बारेमा छोटो जानकारी)

Benchmark Electronics (M)Sdn. Bhd. provides comprehensive solutions across the entire product lifecycle, driven by innovative technology and advanced engineering design services. By leveraging an optimized global supply chain and delivering world-class manufacturing services, the company ensures high-quality, reliable, and efficient outcomes for its partners.
बेन्चमार्क ईलेक्ट्रोनिसले कम्पनीको उत्पादनसँग सम्बन्धित सम्पूर्ण कार्य प्रक्रियाको समाधानहरू प्रदान गर्दछ। नवीन प्रविधि तथा उन्नत इन्जिनियरिङ डिजाइन सेवाहरूको नेतृत्वमा, अनुकूलित विश्वव्यापी आपूर्ति श्रृंखलाको प्रभावकारी उपयोग गर्दै, कम्पनीले विश्वस्तरीय निर्माण सेवाहरू प्रदान गरी आफ्ना साझेदारहरूलाई उच्च गुणस्तर, विश्वसनीय र दक्ष समाधान सुनिश्चित गर्दछ।

### Pre-Approval Details (पुर्व-स्वीकृतिको विवरण):

| Pre Approval Date: | 2026/01/13 | Consignment No.: | 60250584 | L.T. No.: 336914 |
|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/०९/२९ | चलानी नं.: | ६०२५०५८४ | एल टी नं.: ३३६९१४ |

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
